# अन्तिम लेखापरीक्षण प्रतिवेदन

## आठराई त्रिवेणी गाउँपालिका
## ताप्लेजुङ

आर्थिक वर्ष २०७९/८०





महालेखापरीक्षकको कार्यालय
काठमाडौं, नेपाल

# अन्तिम लेखापरीक्षण प्रतिवेदन

आठराई त्रिवेणी गाउँपालिका

ताप्लेजुङ

आर्थिक वर्ष २०७९/८०




महालेखापरीक्षकको कार्यालय
काठमाडौं, नेपाल

# अन्तिम लेखापरीक्षण प्रतिवेदन

## आठराई त्रिवेणी गाउँपालिका

## ताप्लेजुङ

आर्थिक वर्ष २०७९/८०

महालेखापरीक्षकको कार्यालय
काठमाडौं, नेपाल

## दूरदृष्टि (VISION)

जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय संस्था

*(Be Credible Institution in Promoting Accountability, Transparency and Integrity)*

## गन्तव्य (MISSION)


राष्ट्रलाई स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने

*(Provide independent and Quality Audit Service to the Nation)*

## मूल्य मान्यता (Core Values)

| | |
|---|---|
| निष्ठा | *(Integrity)* |
| स्वतन्त्रता | *(Independence)* |
| व्यावसायिकता | *(Professionalism)* |
| पारदर्शिता | *(Transparency)* |
| जवाफदेहिता | *(Accountability)* |

# महालेखापरीक्षकको भनाइ



नेपालको संविधानको धारा २४१ मा संघ, प्रदेश र स्थानीय तहको लेखा कानुन बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्य समेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ। त्यसैगरी लेखापरीक्षण ऐन, २०७५ को दफा २० को उपदफा २ मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ । लेखापरीक्षण गर्दा नेपाल सरकारी लेखापरीक्षणमान, लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमलाई आधार लिईएको छ । यस स्थानीय तहको २०७९/८० को लेखापरीक्षणबाट देखिएका व्यहोरा उल्लेख गरी प्रारम्भिक प्रतिवेदन जारी गरिएकोमा सो उपर प्राप्त प्रतिक्रिया समेत विचार गरी राय सहितको प्रतिवेदन जारी गरिएको छ ।

वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको परिपालना, बजेट तथा योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन,खरिद व्यवस्थापन, सार्वजनिक सेवा प्रवाह, आन्तरिक नियन्त्रण प्रणाली, आन्तरिक आय परिचालन, जनशक्ति व्यवस्थापन, जिम्मेवारी एवं जवाफदेहिता लगायतका विषयहरूको अध्ययन, विश्लेषण तथा मूल्याङ्कन गर्नुका साथै स्रोत साधनको प्राप्ति, उपयोग एवं परिचालन सन्दर्भमा मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता समेतलाई दृष्टिगत गर्दै कार्यान्वयनयोग्य सुझाव प्रदान गरी सुशासन कायम गर्न सहयोग गर्नु लेखापरीक्षणको उद्देश्य रहेको छ । समय, जनशक्ति, स्रोतको उपलव्धता लगायतका सीमा रहेता पनि स्थानीय तह सम्म नै उपस्थित भई लेखापरीक्षण सम्पन्न गर्ने नीति लिइएको छ। यसै गरी लेखापरीक्षणको क्रममा स्थानीय तहका पदाधिकारी तथा जिम्मेवार कर्मचारीहरूसँग लेखापरीक्षणबाट देखिएका व्यहोरा उपर छलफल गरिएको छ।

यस वर्ष स्थानीय तहको लेखापरीक्षणबाट कार्यसम्पादनका लागि आवश्यक पर्ने कतिपय कानुन निर्माण हुन बाँकी रहेको, कानुनको पूर्ण परिपालना हुन नसकेको, बजेट अनुशासन कमजोर रहेको, आन्तरिक आय न्यून रहेको, प्रशासनिक तथा अनुत्पादक खर्चमा वृद्धि हुँदै गएको, एउटै योजना समेत टुक्र्याई कार्य गर्ने गरेको, वर्षान्तको खर्च उच्च रहेको, निर्माणको सुनिश्चितता नभएका आयोजनाहरुको समेत परामर्शदाताद्वारा विस्तृत आयोजना प्रतिवेदन तयार गरी खर्च गरेको, जटिल प्रकृतिका कार्यहरू समेत उपभोक्ता समितिबाट गराएको, जनशक्ति व्यवस्थापन हुन नसक्दा सेवा प्रवाह प्रभावकारी हुन नसकेको, स्वीकृत दरबन्दी बेगरका कर्मचारी समेत नियुक्ति गरेको, आन्तरिक नियन्त्रण र लेखाङ्कन तथा प्रतिवेदनमा सुधार गर्नु पर्ने देखिएको, सार्वजनिक सम्पत्ति संरक्षण र उपयोग प्रभावकारी रुपमा हुन नसकेको, स्थानीय तहमा लेखापरीक्षण प्रतिवेदन उपर छलफल र बेरुजु फर्स्यौट सम्बन्धी स्पष्ट कार्यविधि तर्जुमा गर्न बाँकी रहेको जस्ता व्यहोरा देखिएका छन्। त्यस स्थानीय तहसँग सम्बन्धित व्यहोरा सहितको राय संलग्न गरिएको छ । एकै प्रकृतिका व्यहोराहरू वर्षेनी दोहोरिने गरेकोले वित्तीय अनुशासनमा अपेक्षित रुपमा सुधार हुन सकेको छैन ।अतः लेखापरीक्षणबाट औंल्याएका ब्यहोराहरू उपर आवश्यक कारबाही गरी वित्तीय अनुशासन कायम गर्नुका साथै सेवा प्रवाहलाई प्रभावकारी बनाउन त्यस स्थानीय तहबाट थप पहल कदमी हुने विश्वास लिएको छु ।

अन्तमा, स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुऱ्याउने स्थानीय तहका पदाधिकारी तथा कर्मचारीप्रति आभार व्यक्त गर्दछु । साथै लेखापरीक्षण कार्यमा संलग्न यस कार्यालयका कर्मचारीहरूको कार्यसम्पादनको लागि विशेष धन्यवाद व्यक्त गर्दछु ।

**तोयम राया**

**जेष्ठ ,२०८१** **महालेखापरीक्षक**

# महालेखापरीक्षकको कार्यालय

अनामनगर/बबरमहल, काठमाडौं, नेपाल

प्रादेशिक लेखापरीक्षण महानिर्देशनालय

कोशी प्रदेश


मिति:२०८१।२।१३

प.सं. २०८०।८१

च.नं. १३१

विषयः **लेखापरीक्षण प्रतिवेदन ।**

श्री अध्यक्ष ज्यू ,

आठराई त्रिवेणी गाउँ कार्यपालिकाको कार्यालय,

ताप्लेजुङ।

१. **कैफियत सहितको राय -** हामीले यस पालिकाको आर्थिक वर्ष २०७९/८० को प्राप्ती र भुक्तानीको विवरण, त्यससँग सम्बन्धित अनुसूची तथा अन्य विवरणको लेखापरीक्षण गरेका छौं ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक पेस भएको २०८० आषाढ ३१ मा समाप्त भएको आर्थिक वर्ष २०७९/८० को प्राप्ती र भुक्तानीको विवरण र त्यससँग सम्बन्धित अनुसूची तथा अन्य विवरण समावेश भएको वित्तीय प्रतिवेदनले यस पालिकाको वित्तीय कारोबार र प्रतिवेदनसँग सम्बन्धित प्रचलित कानुन बमोजिम सारभूतरूपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ।

२. **कैफियत सहितको राय व्यक्त गर्ने आधार**

२.१. पालिकाले अन्तरसरकारी अख्तियारी, आन्तरिक आय तथा विविध कोष लगायतको वित्तीय विवरण महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्वजनिक क्षेत्र लेखामानको ढाँचा पूर्ण रुपमा प्रयोग गरेर तयार गरेको छैन ।

२.२. लेखापरीक्षणबाट रू.३ करोड ४२ लाख ५४ हजार बेरुजू देखिएको छ । सो सम्बन्धमा रु १ करोड ८९ लाख २३ हजारको प्रतिक्रिया प्राप्त भएकोमा सो उपर कारबाही भई बाँकी बेरुजु असुल गर्नुपर्ने रू ४ लाख २४ हजार, प्रमाण कागजात पेस गर्नुपर्ने रू २२ लाख ६१ हजार, नियमित गर्नुपर्ने रू. ९२ लाख ९९ हजार र पेश्की बाँकी रू. ३३ लाख ४७ हजार समेत रु १ करोड ५३ लाख ३१ हजार रहेको छ । यस पालिकाको गतवर्ष सम्म रू. १४ करोड १३ लाख १९ हजार बेरुजू बाँकी रहेकोमा हालसम्मको अद्यावधिक बेरुजू रू.१४ करोड ३५ लाख ९२ हजार रहेको छ । यस पालिकाको बेरुजु वर्गीकरण, अद्यावधिक बेरुजु स्थिति र बेरुजु सम्परीक्षणको व्यहोरा यसैसाथ संलग्न छ ।

हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेका नेपाल सरकारी लेखापरीक्षण मान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य

प्रचलित कानुन बमोजिम गरिएको छ । वित्तीय प्रतिवेदन तयार गर्ने यस पालिकासँग हामी स्वतन्त्र छौं। त्यसका लागि प्रचलित कानुन र स्वीकृत आचारसंहिता अनुसार हामीले कार्य गरेका छौं ।लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरू हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा हामी विश्वस्त छौं।

३. **अन्य व्यहोरा -** ऐन नियमको परिपालना, आन्तरिक नियन्त्रण व्यवस्था, सम्पत्तिको संरक्षण, स्रोत साधनको प्राप्ति र उपयोग, बजेट व्यवस्थापन र राजस्व संकलन, सार्वजनिक खरिद व्यवस्थापन, कार्यक्रम स्वीकृति एवं कार्यान्वयन, उपभोक्ता समितिलाई अनुदान वितरण तथा अनुगमन र सेवा प्रवाहलगायतका विषयमा सुधार गर्नुपर्ने देखिएका छन् ।

४. **वित्तीय विवरण उपर व्यवस्थापन तथा पदाधिकारीको जिम्मेवारी -** नेपाल सार्वजनिक क्षेत्र लेखामान (नगदमा आधारित) बमोजिम आर्थिक कारोवारको सही र यथार्थ अवस्था चित्रण हुने गरी एकीकृत वित्तीय विवरण तयार गर्ने तथा गल्ती (Fraud) वा त्रुटिका कारणबाट वित्तीय विवरण सारभूत रुपमा गलत आँकडा रहित स्वरुपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागु गर्ने जिम्मेवारी यस पालिकाको व्यवस्थापनमा रहेको छ । पालिकाका अध्यक्ष र प्रमुख प्रशासकीय अधिकृत वित्तीय प्रतिवेदन प्रकृयाको अनुगमनका लागि जिम्मेवार हुनेछन् ।

५. **वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी -** वित्तीय प्रतिवेदन समग्रमा गल्ती (Fraud) वा त्रुटिका कारण सारभूत रुपमा गलत आँकडा रहित रहेको छ भनी यथोचित आश्वस्तता प्राप्त गरी राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो ।लेखापरीक्षणमा यथोचित आश्वस्तताले उच्च स्तरको आश्वस्तता प्रदान गरेको हुन्छ । लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका नेपाल सरकारी लेखापरीक्षण मान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुन बमोजिम लेखापरीक्षण कार्य सम्पादन गरेको अवस्थामा समेत आन्तरिक नियन्त्रण र वित्तीय प्रतिवेदनको प्रकृति, लेखापरीक्षणका विधि तथा लेखापरीक्षण सम्पन्न गर्न लागेको समय जस्ता लेखापरीक्षणका अन्तरनिहित सीमाहरुका कारण वित्तीय विवरण वा आर्थिक कारोवारमा भएका सबै प्रकारका गल्ती (Fraud) वा त्रुटि पत्ता लाग्न सक्ने निश्चितता हुदैन । वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा फरक पार्ने अवस्था देखिएका गल्ती (Fraud) वा त्रुटिका एक वा समग्र सूचनालाई सारभूत रुपमा गलत आँकडा मानिएको छ ।

( श्रीकुमार राई )

**नायब महालेखापरीक्षक**

# आठराई त्रिवेणी गाउँपालिका,

## ताप्लेजुङ जिल्ला,

### १. चालु वर्ष २०७९।८० को बेरुजु

बेरुजु वर्गीकरण (विनियोजन, राजस्व, धरौटी र अन्य कारोबार)

(रू. हजारमा)

| प्रारम्भिक बेरुजु | | | प्रतिक्रियाबाट फस्योंट | | | बाँकी बेरुजु | | | बेरुजु | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | असुल गर्नु पर्ने | नियमित गर्नुपर्ने | | | | | पेस्की |
| दफा संख्या | | रकम | दफा संख्या | | रकम | दफा संख्या | | रकम | असुल गर्नु पर्ने | अनियमित भएको | प्रमाण कागजात पेश नभएको | जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा | पेस्की |
| सैद्धान्तिक | लगती | | सैद्धान्तिक | लगती | | सैद्धान्तिक | लगती | | | | | | | | |
| ६३ | २९ | ३४२५४ | ० | १६ | १८९२३ | ६३ | १३ | १५३३१ | ४२४ | ९२९९ | २२६१ | ० | ० | १५३३१ | ३३४७ |

### २. अद्यावधिक बेरुजु स्थिति (२०७९।८० सम्मको)

(रू. हजारमा)

| जिल्ला | गत वर्ष सम्मको बाँकी | समायोजन | यो वर्ष फस्योंट | बाँकी बेरुजु | यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु | यो वर्षको बेरुजु | कुल बेरुजु बाँकी |
|---|---|---|---|---|---|---|---|
| ताप्लेजुङ | १४१३१९ | ० | १३०५८ | १२८२६१ | ० | १५३३१ | १४३५९२ |

### ३. बेरुजु सम्परीक्षणको विवरण

| क्र. सं | आर्थिक वर्ष | बेरुजुको दफा | छोटकरी व्यहोरा | सम्परीक्षण भएको रकम |
|---|---|---|---|---|
| १ | २०७९।८० | १४ | नियमित भई फस्योंट | २३९४२३६ |
| २ | २०७९।८० | २० | पेश्की फस्योंट | ६३०९७०९ |
| ३ | २०७९।८० | २३ | असूल भई फस्योंट | ७७००० |
| ४ | २०७९।८० | ३०.१ | नियमित भई फस्योंट | २५९५९० |
| ५ | २०७९।८० | ३५ | नियमित भई फस्योंट | ८२८८० |
| ६ | २०७९।८० | ३७ | असूल भई फस्योंट | १४६९९२.६५ |
| ७ | २०७९।८० | ३९ | पेश्की फस्योंट | ५८०००० |
| ८ | २०७९।८० | ४३ | प्रमाण पेश भई फस्योंट | १६३७९९ |

| | | | | |
|---|---|---|---|---|
| ९ | २०७९।८० | ४४ | असूल भई फस्यौंट | ३७११८ |
| १० | २०७९।८० | ४७ | प्रमाण पेश भई फस्यौंट | १३००००० |
| ११ | २०७९।८० | ५५.१ | असूल भई फस्यौंट | ४८००० |
| १२ | २०७९।८० | ६१ | प्रमाण पेश भई फस्यौंट | १३९७८०० |
| १३ | २०७९।८० | ६२ | प्रमाण पेश भई फस्यौंट | १७५३५१९ |
| १४ | २०७९।८० | ६३ | नियमित भई फस्यौंट | ७९७८९१.६ |
| १५ | २०७९।८० | ६८ | प्रमाण पेश भई फस्यौंट | ३७९२२८ |
| १६ | २०७९।८० | ६९ | असूल भई फस्यौंट | १८१३९३.१६ |
| १७ | २०७९।८० | ७३ | प्रमाण पेश भई फस्यौंट | २९७३००० |
| १८ | २०७९।८० | ७८.१ | असूल भई फस्यौंट | १६९१५.७ |
| १९ | २०७९।८० | ७८.२ | असूल भई फस्यौंट | १९८८ |
| २० | २०७९।८० | ७८.३ | असूल भई फस्यौंट | ३००० |
| २१ | २०७९।८० | ७८.४ | असूल भई फस्यौंट | १९७०० |
| | जम्मा | | | १८९२३७६० |
| १ | २०७८।०७९ | विभिन्न दफा | विभिन्न मितिमा सम्परीक्षण भएको | ७७०११०५ |
| २ | २०७७।७८ | विभिन्न दफा | विभिन्न मितिमा सम्परीक्षण भएको | ५३५७६६७ |
| | जम्मा | | | १३०५८७७२ |
| | **कुल जम्मा** | | | **३१९८२५३२** |

**पालिकाको अन्तिम लेखापरीक्षणको विवरण तल उल्लेख गरिएको**

# परिचय

१ **परिचय**

**क) आठराई त्रिवेणी गाउँपालिकाको परिचय -** स्थानीय शासन पद्धति सुदृढ गरी विधायिकी, कार्यकारिणी र न्यायिक अभ्यास संस्थागत गर्दै स्थानीय सरकार सञ्चालन गर्न यस पालिकाको स्थापना भएको हो । स्थानीय सरकारले सञ्चालन गर्ने कार्यमा सहकारिता, सह-अस्तित्व र समन्वय प्रवर्द्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु पालिकाको उद्देश्य रहेको छ । यस पालिकामा ५ वडारहेको छ भने क्षेत्रफल८८.८३ वर्ग किलोमिटर तथा १२ हजार २ सय ९६ जनसंख्या रहेको छ ।

**(ख) लेखापरीक्षणको उद्देश्य -** लेखापरीक्षण गरिने निकायको वित्तीय विवरण तथा कारोबारको परीक्षण गरी उचित आश्वस्तता (Reasonable Assurance) प्रदान गर्नु वित्तीय लेखापरीक्षणको उद्देश्य हो । यस कार्यालयको आर्थिक वर्ष २०७९।८० को सबै प्रकारका आर्थिक कारोबारको परीक्षण एवं प्रचलित कानूनको परिपालनाको मूल्याङ्कन गरी प्रतिवेदन गर्नु लेखापरीक्षणको उद्देश्य हुनेछ।

**(ग) लेखापरीक्षणको क्षेत्र र अवधि -** यस कार्यालयको विनियोजन, राजश्व, धरौटी, कोष तथा अन्य आय-व्यय, मौज्दात हिसाब, आर्थिक व्यवस्थापन, कार्यक्रम सञ्चालन, जिन्सी व्यवस्थापन, जनशक्ति व्यवस्थापन तथा सेवा प्रवाह लगायत आर्थिक वर्ष २०७९।८० मा सञ्चालित क्रियाकलापलाई लेखापरीक्षण क्षेत्रमा समावेश गरिएको छ । स्थलगत लेखापरीक्षणको अवधि २०८०।५।३० देखि २०८०।६।३ सम्म रहेको छ ।

**(घ) लेखापरीक्षण विधि -** लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड तथा मार्गदर्शनमा नमूना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा कार्यालयले स्वीकृत गरेको जोखिममा आधारित लेखापरीक्षण योजनाका आधारमा निकायको आन्तरिक नियन्त्रणको परीक्षण तथा विश्लेषणात्मक र विस्तृत परीक्षण विधि अवलम्वनबाट लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । लेखापरीक्षण गर्दा देखिएका व्यहोरा सम्बन्धमा कार्यालय प्रमुख तथा लेखा प्रमुख लगायतका पदाधिकारीहरूसँग छलफल सम्पन्न गरी कायम भएका व्यहोराहरू यस प्रतिवेदनमा समावेश गरिएको छ।

**ङ) लेखापरीक्षणको सीमा -** लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, २०७७ तथा मार्गदर्शनमा नमूना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा महालेखापरीक्षकको कार्यालयले नेपाल लेखापरीक्षण व्यवस्थापन प्रणाली (NAMS) अवलम्बन गरी स्वीकृत भएको जोखिममा आधारित लेखापरीक्षण योजना, लेखापरीक्षण गरिएको निकायबाट पेश भएका लेखा एवं सोसँग सम्बन्धित कागजात, विवरण, लिखित प्रतिनिधित्व पत्र, लेखापरीक्षण अनुबन्ध पत्र समेतको आधारमा लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । आम्दानी तथा खर्चलाई नतिजासँग तुलना गरी विश्लेषण गर्नका लागि पर्याप्त भौतिक एवं स्थलगत अवलोकन गर्न भौगोलिक कठिनाइ, समय सीमा, स्रोतको उपलब्धता, प्रमाणको प्रकृति तथा पहुँच जस्ता अन्तर्निहित जोखिमहरु सीमाको रुपमा रहेका छन् । सारभूत रूपमा उल्लेखनीय नदेखिएका व्यहोरालाई प्रतिवेदनमा समावेश गरिएको छैन ।

**(च) आर्थिक कारोबारको स्थिति -** कार्यालयको विनियोजनतर्फ रू. ०, राजश्वतर्फ रू. ०, धरौटीतर्फ रू. ०, अन्य कारोबारतर्फ रू. ०, आय — व्ययतर्फ रू.१,०१,५४,६७,३२५।७७, सम्पत्ति तथा दायित्व तर्फ रू. ० को गरी जम्मा रू. १,०१,५४,६७,३२५।७७ को लेखापरीक्षण सम्पन्न गरिएको छ । सो को बिष्तृत विवरण अनुसूची -१ मा संलग्न छ ।

**छ) लेखापरीक्षणमा परीक्षण गरिएका मुख्य विषयहरु -** लेखापरीक्षण योजना अनुसार परीक्षण गरिएका विषयहरु अनुसूची — २ मा संलग्न छ ।

**(ज) लेखापरीक्षणको क्रममा असुली** -लेखापरीक्षणको क्रममा निम्नानुसारको रू. ३५,४९,४८।०० असुल भइ दाखिला प्रमाण पेश भएको छ ।

| सि.नं | बिवरण | रकम रू. |
|---|---|---|
| १ | विभिन्न बढी भुक्तानी | १६९०० |
| २ | बहालकर कट्टी | ४३३२४ |
| ३ | पारिश्रमिक कर | १९३२० |
| ४ | अग्रिम कर | १००५ |
| ५ | गाडी मर्मतबापत बिल भरपाई भन्दा बढी भुक्तानी | १७६७११ |
| ६ | मू.अ. कर बापतको रकम दाखिला | ९७६८७.५२ |
| जम्मा | | **३५४९४८** |

## लेखापरीक्षणबाट देखिएका व्यहोराहरु

२ **वित्तीय प्रतिवेदन**

२.१ स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को नियम ७२ मा नेपाल सरकारले निर्धारण गरे बमोजिमको आय र व्ययको वर्गीकरण तथा खर्च शीर्षक सम्बन्धी व्यवस्था अवलम्बन गर्नुपर्ने तथा नियम ७६(२) मा महालेखा परीक्षकबाट स्वीकृत भए बमोजिमको ढाँचामा लेखा राखुपर्ने व्यवस्था गरेको छ । पालिकाले २०७६।२।१९ मा महालेखापरीक्षकबाट स्वीकृत भएको सार्वजनिक क्षेत्र लेखामान (NPSAS) अनुसार लेखाङ्कन तथा प्रतिवेदन गर्नुपर्दछ । पालिकाले उपलव्ध गराएको स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७२) सम्बन्धमा निम्नअनुसार देखिएको छः

| सि.नं | आयतर्फ | सि.नं | व्ययतर्फ |
|---|---|---|---|

| | विवरण | रकम | | विवरण | रकम |
|---|---|---|---|---|---|
| १ | **गत वर्षको जिम्मेवारी** | **१४८५३४३०३.९** | १ | **चालु खर्च** | **२८५१४६५२७.७** |
| | क) संचितकोष | १३६३००८५९.६ | २ | **पूँजीगतखर्च** | **१३२६९४७२०** |
| | ख) धरौटीखाता | ५१५६८४१.०१ | ३ | **वित्तीयव्यवस्था भुक्तानी** | |
| | ग) विविधखर्च खाता/कोष | ६२६६६३३.७४ | | क) ऋणभुक्तानी | |
| | घ) प्रकोपव्यावस्थापन कोष | ८०९९६९.४६ | | ख) ब्याजभुक्तानी | |
| २ | **राजस्व (आन्तरिक आय)** | **६४१७१५०१.०९** | ४ | **लगानी** | |
| | क) आन्तरिकराजस्व | ४९८०२८२.०७ | | ऋण लगानी | |
| | ख) संघीयराजस्व बाँडफाँड | ५६५२२८२०.४३ | | शेयर लगानी | |
| | ग) प्रदेशसवारीसाधन कर | १८८२३७७.०५ | | अन्य लगानी | |
| | घ) घरजग्गा रजिस्ट्रेसन दस्तुर | ७८६०२१.५४ | ५ | **विभिन्नकोषतर्फको खर्च** | **८८१३६५७.०६** |
| ३ | **वित्तीयहस्तान्तरण संघ** | **३५५०८८५००** | | क) विविधखर्च खाता/कोष | ५६८३२७८ |
| | क) वित्तीयसमानीकरण अनुदान | १०८८७२५०० | | ख) प्रकोपव्यावस्थापन कोष | १८८१६१२ |
| | ख) सशर्तअनुदान | २१८२१६००० | | ख) धरौटीफिर्ता | १२४८७६७.०६ |
| | ग) समपूरकअनुदान | १८०००००० | ६ | **जनश्रमदानफिर्ता** | ० |
| | घ) विशेषअनुदान | १००००००० | | | |
| ४ | **प्रदेशसरकारबाट प्राप्त अनुदान** | **१३७३६६२५** | ७ | **अनुदानफिर्ता** | |
| | क) वित्तीयसमानीकरण अनुदान | ५६१६६२५ | | क) संघीयसरकार तर्फ फिर्ता | |
| | ख) सशर्तअनुदान | २६८०००० | | ख) प्रदेशसरकार तर्फ फिर्ता | |
| | ग) समपुरकअनुदान | ५४४०००० | ८ | **मौज्दात** | **१६९४०२५८०.२१** |

| | | | | | |
|---|---|---|---|---|---|
| | घ) विशेषअनुदान | ० | | क) सञ्चितकोष खाता | १५१८१००४८.०६ |
| ५ | **अन्तरस्थानीय तहबाट प्राप्त** | **७०६४४६२०** | | ख) चालुखर्च खाता | ० |
| | क सामाजिकसुरक्षा | ५२०७०५०८ | | ग) पुजिगतखर्च खाता | ० |
| | ख) स्थानीयतह प्रशासकीय पूर्वाधार विकास कार्यक्रम | ७९९९३३० | | घ) धरौटीखाता | १०२८०८१८.९५ |
| | ग) एकिकृतस्वस्थ्य पूर्वाधार विकास कार्यक्रम | १०५७४७८२ | | ङ) प्रकोपव्यावस्थापन कोष | ३९२८३५७.४६ |
| | घ)राष्ट्रपति महिला उत्थान कार्यक्रम | ० | | च) विविधखर्च खाता/कोष | ३३८३३५५.७४ |
| ६ | अन्य | ० | | जनश्रमदानमौज्दात | ० |
| ७ | **विभिन्नकोषतर्फको आय** | **१४१७२७४५** | ९ | **अन्तरसरकारीअख्तियारी** | **७०६४४६२०** |
| | क) विविधखर्च खाता/कोष | २८००००० | | क) सामाजिकसुरक्षा | ५२०७०५०८ |
| | ख) प्रकोपव्यावस्थापन कोष | ५०००००० | | ख) स्थानीय तह प्रशासकीय पूर्वाधार विकास कार्यक्रम | ७९९९३३० |
| | ग) धरौटी आय | ६३७२७४५ | | ग) एकिकृत स्वस्थ्य पूर्वाधार विकास कार्यक्रम | १०५७४७८२ |
| ८ | विषयगतनिकायबाट प्राप्त | ० | | | |
| ९ | **जनसहभागिता (नगद)** | **३५३८१०** | | | |
| **जम्मा** | | ६६६७०२१०४.९४ | | **जम्मा** | ६६६७०२१०४.९४ |

मलेप फा नं २७२ अनुसूचीमा उल्लेख गरिएको छ ।

सैद्धान्तिक बेरुजु

**(विस्तृत विवरण बेरुजु दफा २.१ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)**

२.२ **वित्तीय विवरणको यथार्थता** - पालिकाको आर्थिक कार्यप्रणालीको लेखाङ्कनको गर्न स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (सुत्र) प्रयोगमा रहेको छ । आर्थिक कारोबार गर्दा सुत्रको प्रयोग गरी सम्पूर्ण आर्थिक कारोवारको लेखाङ्कन तथा प्रतिवदेन गर्नुपर्दछ भने सोही प्रणालीबाट स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७२) तयार गर्नुपर्छ । पालिकाले सामाजिक सुरक्षा

तथा संरक्षणको रू. ५,२०,७०,५०८।००, स्थानीय तह प्रशासकीय पूर्वाधार कार्यक्रमको रू. ७९,९९,३३०।०० र एकिकृत स्वास्थ्य पूर्वाधार विकास कार्यक्रम रू.१,०५,७४,७८२।०० समेत गरी रु ७,०६,४४,६२०।०० सुत्रमा लेखाङ्कन गरेको छैन । जसले गर्दा सुत्रबाट तयार भएको वित्तीय विवरणसमेत पूर्ण नहुँदा पालिकाको यथार्थ आर्थिक अवस्थाको चित्रण गरेको छैन । तसर्थ सबै आर्थिक कारोबार सुत्र मार्फत हुने र सबै कारोबार वित्तीय विवरणमा समावेश गर्ने व्यवस्था गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

२.३ **फरक हिसाब** – यस पालिकाले सुत्रबाट तयार गरेको स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं.२७२) ले सबै कारोबार नसमेटेको कारण लेखापरीक्षणका क्रममा पालिकाबाट भएका सबै कारोबार समेटिने गरी एकीकृत आर्थिक विवरण तयार गर्न लगाइएकोमा उक्त दुई विवरणमा देहायअनुसार गत वर्षको जिम्मेवारी रू.१६.८५, फरक परेको छ । सुत्रमा पालिकाको सम्पूर्ण आर्थिक कारोबारहरु समाविष्ट गरी म.ले.प.फा.नं.२७२ ले पालिकाको समष्टिगत आर्थिक कारोबारको यथार्थ अवस्था चित्रण गर्ने व्यवस्था गर्नुपर्दछ ।

| **विवरण** | **गतवर्षको जिम्मेवारी** | **बैङ्क मौज्दात** |
|---|---|---|
| सुत्र अनुसारको वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं.२७२) | १४८५३४२८७.०० | १६९४०२५८०.२१ |
| एकीकृत आर्थिक विवरणअनुसार | १४८५३४३०३.८५ | १६९४०२५८०.२१ |
| **फरक** | **१६.८५** | **०** |

सैद्धान्तिक बेरुजु

३ **आन्तरीक नियन्त्रण प्रणाली** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागू गर्नुपर्ने व्यवस्था छ । पालिकाले त्यस्तो प्रणाली तयार गरी लागू गरेको पाइएन। जसले गर्दा पालिकाको आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको र सोमाथि विश्वस्त हुन सक्ने अवस्था छैन । यस सम्बन्धमा देखिएका केही व्यहोराहरु देहायबमोजिम रहेका छनः

- स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ११ अनुसार आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्यांक संकलन, अभिलेखांकन र व्यवस्थापन गर्नुपर्नेमा गरेको पाइएन ।
- पालिकाले एक आर्थिक वर्ष भित्र भएको आर्थिक कारोवारको अनुसुची १४ वमोजिमको ढाँचामा वार्षिक प्रतिवेदन तयार गरेको पाइएन ।
- पालिकाले कार्यक्रमगत तथा योजनागत खाता राखेको पाइएन । साथै पालिकाबाट यस वर्ष संचालित कार्यक्रम तथा योजनाको कार्यान्यवयन र सेवा प्रवाह समेतको वार्षिक कार्यक्रम अनुसारको प्रगति प्रतिवेदन तयार गरेको पाइएन।

- कार्यालयको श्रेष्ता र वैक विचको हिसाव फरक परे वा नपरेको सम्वन्धमा वैक हिसाव मिलान विवरण तयार नगरेको कारण हिसाव मिलान भए नभएको सम्वन्धमा यकिन गर्न सकिएन ।
- अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ बमोजिम मध्यकालीन खर्च संरचना तयार गर्नुपर्नेमा पालिकाले सो बमोजिमको मध्यकालीन खर्चको संरचना तयार गरेको पाइएन ।
- विषयगत क्षेत्रमा संचालन हुने कार्यक्रममा बैठक भत्ता, भ्रमण भत्ता, तालिम, गोष्ठीतर्फ बढी केन्द्रीत भई वितणमुखि रहेको पाइयो।
- पालिकाले जिन्सी सामानको एकीकृत विवरण तथा सहायक जिन्सी खाता अध्यावधिक नगरी वडा कार्यालय तथा विभिन्न संघ संस्थालाई वितरण गरेको पाइयो
- वडा कार्यालयमा रहेका जिन्सी समान अभिलेख पालिकाको मूल जिन्सी खातामा अध्यावधिक गरेको पाइएन ।
- जिन्सी निरिक्षण प्रतिवेदनमा उल्लेख भए अनुसार विभिन्न मालसामान मर्मत तथा लिलाम गर्नु पर्नेमा गरेको पाइएन ।
- कार्यालयले उद्देश्य प्राप्तिमा आइपर्ने सम्भावित जोखिमहरु पहिचान गरि निराकरणको प्रयास गरेको अभिलेख नराखेको ।
- कुनै रकम भुक्तानी दिँदा रित पुगे वा नपुगेको जाँच गरी रसिद विल भर्पाइहरुमा सिलसिलेवार नम्वर राखि कार्यालय प्रमुखले तोकेको कर्मचारीले भुक्तानी भएको जनाउने छाप समेत लगाई दस्तखत गरी प्रमाणित गर्नुपर्नेमा से अनुसार गरेको पाइएन ।
- सार्वजनिक खरिद नियमावलि २०६४ को नियम ७ र ८ खरिद अनुसार गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्नेमा तयार गरेको पाइएन।
- स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा १३ वमोजिम आर्थिक वर्ष शुरु हुनुभन्दा पन्ध्र दिन अगावै पालिकाले आफ्नो क्षेत्रभित्रको निर्माण सामाग्री मूल्य, ज्याला, भाडा तथा अन्य महशुलको स्थानीय न्युनतम दररेट तोक्नु पर्नेमा तोकेको पाइएन।
- ठेक्काहरुको विस्तृत विवरण देखिने गरि ठेक्का खाता र कन्टिन्जेन्सी खाता राखेको पाइएन।
- स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७४(२) अनुसार सार्वजनिक खरिद नियमावली वनाई लागु गर्न सक्ने व्यवस्था भएकोमा वनाएको पाइएन ।
- सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७ अनुसार यस वर्ष कार्यसम्पन्न भएका आयोजना तथा कार्यक्रमहरु उपभोक्ता समितिलाई हस्तान्तरण गर्नुपर्नेमा गरेको पाइएन ।
- संस्था दर्ता ऐन, २०३४ को दफा ३ अनुसार पालिकाबाट संचालन भएका विभिन्न योजना निर्माण गर्न गठन गरेका उपभोक्ता समिति उक्त ऐनको व्यवस्था अनुसार मान्यता प्राप्त हुने गरी दर्ता गरेको पाइएन ।
- सञ्चालित योजनाको सूचना पाटीमा आय–व्यय, अपेक्षित र वास्तविक लाभका साथै उपभोक्ताको योगदान र कार्यसम्पादन लगायतका विषयमा स्पष्ट गरी सरोकारवाला सहितको सार्वजनिक सुनुवाई र सार्वजनिक परीक्षणलाई अनिवार्य गर्नु गराउनु पर्नेमा अधिकांशतः पालना भएको पाइएन।
- वातावरण संरक्षणको एकिकृत दिर्घकालिन योजना तयार गरेको पाइएन।
- सुशासन व्यवस्थापन तथा सञ्चालन नियमावली २०६५ अनुसार नागरिक वडापत्रमा उल्लेखित सेवाहरुको कार्यान्वयन स्थिती अनुगमन गर्न अनुगमन संयन्त्र तय गरेको पाइएन ।

- निजामती सेवा ऐन २०४९ वमोजिम कार्य विवरण वनाई लागु गरेको पाइएन ।
- संस्थागत विद्यालयहरूको दर्ता, नविकरण,शुल्क निर्धारण, अनिवार्य निशुल्क छात्रवृत्ति, वर्गिकरण, अनुगमन र अभिलेख व्यवस्थित गरेको पाइएन।
- स्थानीय तहले स्थानीय तह भित्रका विद्यालय अनुगमन गर्न अनुगमन मापदण्ड तयार गरेको तथा अनुगमन गरेको छैन। मापदण्ड तयार गरी नियमित अनुगमन गर्ने र अनुगमन प्रतिवेदन सार्वजनिक गर्ने गरेको पाइएन।
- संस्थागत विद्यालयहरूमा अध्ययनरत विद्यार्थीहरुको तथ्यांक शैक्षिक व्यवस्थापन सूचना प्रणाली (IEMIS) अद्यावद्धिक गरेको पाइएन।
- कतिपय विद्यालयको माग फाराम अद्यावद्यिक राखेको पाइएन।
- विद्यालयमा हुने शिक्षक सरुवा, बढुवा, अवकाश, राजिनामा, विस्थापित आदिको विवरण अधावधिक राखेको पाइएन।
- शिक्षकको तलबी तेरिजमा स्थायी, अस्थायी, करार, राहत आदि स्पष्ट रुपमा उल्लेख गरी विवरण राखेको पाइएन।
- मन्त्रालयको मिति २०७३।१२।२५ को आर्थिक कारोबार तथा खाता सञ्चालन सम्बन्धमा थप स्पष्ट पारिएको परिपत्रको दफा १७ बमोजिम यस पालिका तथा पालिकामा समाहित भएका साविकका गाउँ विकास समिति तथा नगरपालिकाको नाममा रहेको पेश्की तथा बेरुजु अभिलेख समायोजन भएको पालिकामा कायम गरी नियमानुसार पेश्की फछ्र्यौट तथा बेरुजु सम्परीक्षण कार्य गर्नुपर्नेमा यस पालिकामा समाहित भएका साबिकका विषयगत कार्यालयको बेरुजू लगत तथा सम्परीक्षणको अभिलेख नगरपालिकाले एकिन गरी अध्यावधिक नगरेकोले पालिकाले उक्त व्यवस्थाको कार्यान्वयन गर्नुपर्दछ ।
- सवारी साधन मर्मत गर्दा मर्मत आदेश तथा मर्मत अभिलेख खाता प्रमाणित गरेको पाइएन।
- कतिपय गोश्वारा भौचर र सोसँग सम्बन्धित कागजातका अधिकार प्राप्त व्यक्तिको हस्ताक्षर नभएको,
- भ्रमण अभिलेख खाता राख्ने गरेको पाइएन।
- भ्रमण प्रतिवेदन दिने गरेको पाइएन।
- इन्धन खर्चको लगबुक तोकिएको ढाँचामा राखी प्रमाणित नगरेको एवं लगबुगमा इन्धनको परिमाण उल्लेख गरेको पाइएन।
- नियममा उल्लेखित व्यवस्था बमोजिम जिन्सी निरीक्षण नगरेको कारण जिन्सी सामानको अवस्था यकिन भएको पाइएन।
- पाम्स प्राणालीमा जिन्सी अभिलेख राखेको पाइएन।
- संस्थागत विद्यालयहरूको दर्ता, नविकरण, शुल्क निर्धारण, अनिवार्य निशुल्क छात्रवृत्ति, वर्गिकरण, अनुगमन र अभिलेख व्यवस्थित रहेको पाइएन।,
- स्थानीय तहले स्थानीय तह भित्रका विद्यालय अनुगमन गर्न अनुगमन मापदण्ड तयार गरी अनुगमन गरेको पाइएन।
- संस्थागत विद्यालयहरूमा अध्यनरत विद्यार्थीहरुको तथ्यांक शैक्षिक व्यवस्थापन सूचना प्रणाली (IEMIS) अद्यावद्धिक गरेको पाइएन।

- विद्यालयको माग फाराम बेगर विद्यालयको नाममा रकम निकासा गरेको तथा कतिपय विद्यालयको माग फारामको अभिलेख अद्यावद्यिक राखेको पाइएन।
- विद्यालयको शिक्षक सरुवा, बढुवा, अवकाश, राजिनामा, विस्थापित आदिको विवरण अधावधिक गरी राखेको पाइएन।
- शिक्षकको तलबी विवरणमा स्थायी, अस्थायी, करार, राहत आदि स्पष्ट रुपमा उल्लेख गरी विवरण राखेको पाइएन।
- अनुदान वितरणमा दोहोरो पना हुने नहुने कुराको सुनिश्चित गर्न अनुदान वितरण खाता राखेको पाइएन।

तसर्थ आन्तरिक नियन्त्रण प्रणाली तयार गरी पालिकाको कार्य सञ्चालन तथा व्यवस्थापनलाई प्रभावकारी बनाउनुपर्दछ ।

सैद्धान्तिक बेरुजु

४ **स्थानीय तथ्याङ्क, अभिलेख तथा स्रोत नक्साङ्कन -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ बमोजिम स्थानीयतहले आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्याङ्क सङ्कलन, अभिलेख र सोको व्यवस्थापन गर्नुपर्ने तथा आफ्नो क्षेत्रभित्रको शैक्षिक, भौगोलिक अवस्था, प्राकृतिक स्रोत अन्तर्गत खानी, जंगल तथा अन्य स्रोत, पूर्वाधार अन्तर्गत सडक, पुल, खानेपानी लगायतको अभिलेख तथा श्रोत नक्साङ्कनसहितको पालिकाको प्रोफाइल तयार गर्नुपर्ने व्यवस्था छ । पालिकाले स्थानीय तथ्याङ्क सम्बन्धी नीति, कानून र सोको मापदण्ड बनाएको तथा स्रोत नक्साङ्कन गरेको देखिएन । स्थानीय तहका प्राथमिकीकरणका क्रियाकलाप सञ्चालनमा तथ्याङ्कले महत्वपूर्ण भुमिका खेल्ने हुँदा सोको सङ्कलन र अभिलेख राख्ने कार्य गर्नपर्दछ ।

सैद्धान्तिक बेरुजु

५ **आवधिक योजना -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम पालिकाले आफ्नो अधिकार क्षेत्रभित्रको विकासका लागि आवधिक योजना बनाई लागू गर्नेमा यस पालिकाले आवधिक योजना तयार गरेको छैन । आवधिक योजना नहुँदा पालिकाले वार्षिक बजेट तथा कार्यक्रम तयार गर्दा आवधिक योजनाका दीर्घकालीन विषयलाई भन्दा सालवसाली विषयहरुलाई समावेश गरेको देखिन्छ । स्थानीय तहको समग्र विकासका लागि आवधिक योजना तर्जुमा गरी कार्यान्वयन गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

६ **बजेट सीमा निर्धारण समिति -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६(१) बमोजिम पालिकामा प्राप्त हुने आन्तरिक आय, राजश्व बाँडफाँडबाट प्राप्त हुने रकम, अनुदान, ऋण र अन्य आयको प्रक्षेपण तथा सोको सन्तुलित वितरणको खाका र बजेट सीमा निर्धारण गर्न ७ सदस्यीय स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति गठनको व्यवस्था छ । उक्त समितिले आयको प्रक्षेपण, साधनको सन्तुलित वितरणको खाका, बजेटको कूल सीमा, बजेटको क्षेत्रगत सीमा निर्धारण, बजेट तथा कार्यक्रमको प्रथमिकिकरण, विषयक्षेत्रगत बजेट तर्जुमा मार्गदर्शन तय गर्नुपर्ने जस्ता कार्यहरु फाल्गुन महिनाभित्र सम्पन्न गरिसक्नुपर्ने

र बजेट प्रक्षेपण गर्दा बजेट वर्षपछिको थप दुई वर्षको समेत प्रक्षेपण तयार गर्नुका साथै तयार भएको आगामी आर्थिक वर्षको बजेट सीमा प्रमुख प्रशासकिय अधिकृतले चैत्र १५ गतेभित्र पालिकाका विषयगत शाखा तथा वडा समितिलाई उपलब्ध गराउनुपर्ने कानुनी व्यवस्था रहेकोमा पालिकाले समितिको गठन गरेको छैन । ऐनमा व्यवस्था भएअनुसार बजेट सीमालगायत क्षेत्रगत विषय समेटी बजेट प्रक्षेपण सम्बन्धी नियम तथा कार्यविधि तर्जुमा एवं सोको पालनामा सम्बन्धित पदाधिकारीको ध्यान जानुपर्दछ ।

सैद्धान्तिक बेरुजु

७ **बजेट तथा कार्यक्रम तर्जुमा -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६७(१) मा ४ सदस्यीय बजेट तथा कार्यक्रम तर्जुमा समिति गठन गरी आगामी वर्षको नीति तथा कार्यक्रम, बजेट तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, विषय क्षेत्रगत कार्यक्रम, योजना तथा कार्यक्रममा दोहोरोपना हुन नदिई आपसी तादाम्यता तथा परिपूरकता कायम गर्नुपर्ने व्यवस्था अनुसार समिति गठन गरेको भएता पनि आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, कार्यक्रमबीच परिपूरकता कायम गरेको समेत नदेखिएकाले बजेट तर्जुमा गर्दा ऐनमा भएको व्यवस्थाको परिपालनामा ध्यान दिनुपर्दछ ।

सैद्धान्तिक बेरुजु

८ **बजेट पेश, पारित र अख्तियारी -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ मा स्थानीय तहले आगामी आर्थिक वर्षको राजस्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेश गर्ने र यसरी पेश भएको बजेट छलफल गरी असार मसान्तभित्र सभाबाट पारित गर्नुपर्ने व्यवस्था छ । सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ । यस पालिकाको उपप्रमुखले मिति २०७९।३।१० मा रू.४४ करोड ५५ लाख ८८ हजारको बजेट सभा समक्ष पेश गरेकोमा सभाबाट मिति २०७९।३।१० मा पारित भएको छ । यसैगरी स्थानीय तहका प्रमुखले मिति २०७९।३।१७ मा प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गरेको देखिन्छ ।आर्थिक वर्ष भित्र सम्पन्न गरिसक्ने गरी बजेट, कार्यक्रम र योजना व्यवस्थापन गर्नु पर्दछ ।

सैद्धान्तिक बेरुजु

९ **योजना प्राथमिकीकरण -** स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा २४ मा स्थानीय तहले आवधिक योजना बनाई लागू गर्नुपर्ने उल्लेख गरेको छ । स्थानीय तहले योजना तथा बजेट तर्जुमा दिग्दर्शन, २०७४ को दफा ५.२.४ सँग सम्बन्धित अनुसूची ३ मा आयोजना प्राथमिकीकरणका आधारहरू गरिवी निवारण, उत्पादनमूलक, रोजगारी, लागत सहभागिता, स्थानीय स्रोत र साधन, समावेशी विकास, दिगो र वातावरण संरक्षण र भाषिक र सांस्कृतिक विकास उल्लेख गरेको छ र सोही अनुसार गणना गरी प्राथमिकता आधारमा योजना छनौट गर्नु पर्ने व्यवस्था छ। तर पालिकाले आर्थिक वर्ष २०७९।८० मा निम्नअनुसार ३४ वडाको लागि वडागत र पालिकास्तरका कुल ९२ योजनामा वजेट विनियोजन गरेको छ।

| क्र. सं. | कार्यक्रमको नाम | योजना सङ्ख्या | रू.२० लाखमाथिका योजना सङ्ख्या | रू.५ लाखदेखि २० लाख सम्मका योजना सङ्ख्या | रू.५लाखभन्दा कमका योजना सङ्ख्या |
|---|---|---|---|---|---|
| १. | पालिकास्तरीय | ५८ | १० | ३६ | १२ |
| २. | वडास्तरीय | ३४ | ० | ३ | ३१ |

उपर्युक्त विवरणअनुसार पालिकाले साना र वितरणमुखी योजनाहरु सञ्चालन गरेको देखिन्छ । जसले गर्दा सञ्चालित योजनावाट दीर्घकालिन प्रतिफल प्राप्त नहुनका साथै चालु प्रकृतिका खर्चमा बृद्धि भै लागत प्रभावी नहुने तथा निर्माण कार्यको गुणस्तरमा समेत प्रश्न उठ्ने गरेको छ ।त्यसैगरी यो वर्ष सभाले पारित गरेका उल्लेखित योजना मध्ये ८५ योजनामात्र कार्यान्वयन भई ७ योजना कार्यान्वयन हुन सकेको देखिएन । तसर्थ पालिकाले योजना वस्तुनिष्ठ तवरले प्राथिमिकीकरण र छनौट गरी प्रभावकारी कार्यान्वयन गर्नुपर्दछ।

सैद्धान्तिक बेरुजु

१० **लक्ष्य प्रगति -** कार्यालोलयले त्रैमासिक तथा वार्षिक प्रगति विवरण बनाई पेश गर्नुपर्नेमा कार्यालयले सञ्चालन गरेका स्थानीय स्तर, जिल्ला तथा केन्द्रीय स्तरका योजनाको नियम बमोजिमको ढाँचामा त्रैमासिक प्रगति विवरण तयार गरेको देखिएन । बजेट खर्च गर्ने तथा खर्चको तोकिएको ढाँचामा वार्षिक प्रगति तयार नगर्ने प्रमुख प्रशासकीय अधिकृतलाई जिम्मेवार बनाउनु पर्दछ ।

| कार्यक्रम/योजना | कुल कार्यक्रम | वार्षिक प्रगति स्थिति | | | |
|---|---|---|---|---|---|
| | | शून्य प्रगति | २५%सम्म प्रगति | ५०% सम्म प्रगति | ७५% सम्म प्रगति |
| कार्यक्रम संख्या | १७४ | ० | ० | २५ | १४९ |

सैद्धान्तिक बेरुजु

११ **क्षेत्रगत बजेट र खर्चको स्थिति -** स्थानीय तहको एकीकृत, समानुपातिक र दिगो विकासका क्षेत्रगत रुपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ । यस पालिकाको २०७९।८० को क्षेत्रगत बजेट र खर्चको स्थिति देहायअनुसार रहेको देखिन्छ ।

| क्र.स | क्षेत्र | बजेट | खर्च | खर्च प्रतिशत |
|---|---|---|---|---|
| १ | आर्थिक विकास | २,६५,८६,३१०.०० | १,१९,५५,४२९.३३ | २.८६ |
| २ | पूर्वाधार विकास | १४,६४,५४,०००.०० | ८,०९,९५,७९१.०० | १९.३८ |
| ३ | सामाजिक विकास | २४,१३,८६,४८०.०० | २०,६५,५८,१२५.४९ | ४९.४३ |
| ४ | बातावरण तथा विकास | ० | ० | ० |

| | | | | |
|---|---|---|---|---|
| ५ | संस्थागत विकास, सेवा प्रवाह र सुशासन | २,११,७४,०००.०० | १,५२,४९,७३२.०० | ३.६४ |
| ६ | अन्य कार्यालय सञ्चालन तथा प्रशासनिक | १३,२६,४०,६२१.०० | १०,३०,८२,१६९.८५ | २४.६७ |
| **जम्मा** | | **५६,८२,४१,४११.००** | **४१,७८,४१,२४७.६७** | **१००** |

उपर्युक्त विवरण अनुसार सभाले विनियोजन गरेको बजेट मध्ये सामाजिक विकासमा सबैभन्दा बढी ४९.४३ प्रतिशत र. बातावरण तथा विकासमा सबै भन्दा घटीमा शून्य प्रतिशत रहेको छ ।

सैद्धान्तिक बेरुजु

१२ **खर्च बिश्लेषण -** पालिकाले यसवर्ष कुल आन्तिरक आयबाट रू. ४९,८०,२८२।०० राजस्व बाँडफाँड र अनुदानबाट रू. ५,६५,२२,८२०।४३ समेत रू. ६६,६७,०२,१०४।९४ आम्दानी भएकोमा चालु तर्फ रू. २८,५१,४६,५२७।७ र पूँजिगत तर्फ रू. १,३२,६९४,७२०।०० र वित्तीय ब्यबस्था तर्फ रु शुन्य समेत रू. ४१,७८,४१,२४७।७ खर्च भएको छ । खर्च मध्ये आन्तरिक आयको हिस्सा १.१९ प्रतिशत रहेको छ । यसवर्ष पदाधिकारी सुबिधामा रू. ५१,५०,०००।०० खर्च भएको छ जुन आन्तरिक आयको ९६.७० प्रतिशत रहेको छ । पालिकालाई प्राप्त भएको सबै अनुदान र राजस्व बाँडफाँडको रकमबाट ४२.७६ प्रतिशत चालु र १९.९० प्रतिशतमात्र पूँजिगत निर्माणमा खर्च भएको देखिन्छ । यसबाट पालिकाले विकास निर्माण कार्यक्रम सञ्चालनमा न्युन खर्च गरी प्रशासनिक कार्यमा बढी खर्च गरेको देखिन्छ । प्रशासनिक खर्च नियन्त्रण गर्दै प्राप्त अनुदान र राजस्व बाँडफाँडको रकम अधिकरुपमा विकास निर्माणमा परिचालन गरिनुपर्दछ ।

सैद्धान्तिक बेरुजु

१३ **त्रैमासिक पूँजीगत खर्च -** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३५ बमोजिम बजेट तथा कार्यक्रम कार्यान्वयन गर्ने कार्यालयले त्रैमासिक प्रगति विवरण वनाई कार्यसम्पादन गर्नुपर्ने व्यवस्था छ । पालिकाले उपलव्ध गराएको विवरण अनुसार त्रैमासिक पूँजीगत खर्चको स्थिति देहाय बमोजिम छ ।

| **बजेट उपशिर्षक** | **कुल खर्च** | **त्रैमासिक खर्च** | | | | **आषाढ महिनाको खर्च** |
|---|---|---|---|---|---|---|
| | | **प्रथम** | **दोस्रो** | **तेश्रो** | **चौथो** | |
| पुँजीगत खर्चतर्फ | १३२६९३ | ९९११ | १३३५७ | ४१२८४ | ६८१४१ | ४७६४१ |
| प्रतिशत | १०० | ७.४६ | १०.०६ | ३१.११ | ५१.३५ | ३५.९० |

पालिकाले उपलब्ध गराएको विवरणअनुसार वार्षिक रू.१३ करोड २६ लाख ९३ हजार निकासा भएकोमा प्रथम त्रैमासिकमा रू.९९ लाख ११ हजार (७.४६ प्रतिशत), दोस्रो त्रैमासिकमा रू.१ करोड ३३ लाख ५७ हजार (१०.०६ प्रतिशत) र तेस्रो त्रैमासिकमा रू.४ करोड १२ लाख ८४ हजार (३१.११ प्रतिशत)

चौथो त्रैमासिकमा रू.६ करोड ८१ लाख ४१ हजार (५१.३५ प्रतिशत) खर्च गरेको देखिएको छ । यसरी नै आषाढ महिनामा मात्र रू.४ करोड ७६ लाख ४१ हजार (३५.९० प्रतिशत) खर्च देखिनुले आषाढमा आएर खर्चको चाप बढेको देखिएकाले सन्तुलित खर्च व्यवस्थापन भएको देखिएन । स्वीकृत कार्यक्रम अनुसार चौमासिक रुपमा सन्तुलित खर्च हुने गरी कार्यक्रम कार्यान्वयन गरिनुपर्दछ । वर्षान्तमा हतारमा काम गराउँदा कामको गुणस्तरमा असर पर्ने देखिएकोले नियममा भएको व्यवस्था अनुरुप आषाढमा खर्च गर्ने परिपाटीमा नियन्त्रण गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

१४ **गत वर्षको भुक्तानी -** ........... ***(प्रारम्भिक प्रतिवेदन उपर अनियमित भई पेश भएको आधारमा मिति २०८०-११-११ को निर्णयबाट रू.* २,३९४,२३६ */- सम्परीक्षण गरिएको ।)***

१५ **प्रशासकीय संगठन र जनशक्ति व्यवस्थापन -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ बमोजिम स्थानीय तहको कार्यबोझ, राजस्व क्षमता, खर्चको आकार र स्थानीय आवश्यकता समेतलाई ध्यानमा राखी कर्मचारी समायोजन भएपछि मात्र संगठन तथा व्यवस्थापन सर्वेक्षणका आधारमा स्थानीय तहमा संगठन संरचना कायम हुने व्यवस्था छ । पालिकामा प्रमुख प्रशासकीय अधिकृत सहित २९ दरबन्दी स्वीकृत रहेकोमा लेखापरीक्षण अवधि सम्म प्रमुख प्रशाकीय अधिकृत सहित २१ जना पदपूर्ती भएको देखिन्छ । लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार कार्य व्यवस्थापनका दृष्टिकोणले महत्वपूर्ण मानिएका प्रशासकीय अधिकृत, इन्जीनियर, जनस्वास्थ्य अधिकृत सहित ८ पदहरु रिक्त रहेका छन् । दरबन्दी बमोजिम जनशक्तिको पूर्णता नहुँदा विषयगत कार्यक्रम सञ्चालन, सेवा प्रवाह तथा पालिकाको समग्र कार्य सम्पादनमा असर परेको स्थिति छ । तसर्थ रिक्त पदहरु यथाशक्य छिटो पूर्ति गरी सेवा प्रवाह प्रभावकारी बनाउनुपर्दछ

सैद्धान्तिक बेरुजु

१६ **कर्मचारी व्यवस्था -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ (८) मा नगर प्रहरी, सवारी चालक, सयस, बगैंचे, प्लम्बर लगायतका पद तथा सेवामा बाहेक करारमा नियुक्त गर्न पाइने व्यवस्था छैन । पालिकाले उल्लेखित पदहरु लगायत सहायक चौथो पद देखि अधिकृत छैटौ सम्मका विभिन्न २५ जना कर्मचारी करारमा नियूक्त गरी यस वर्ष गाउँपालिका चालू तर्फ बाट रु१०५३७०१७।८३ भुक्तानी गरेको पाइयो । नियममा भएको व्यवस्थाको पालना गरी कर्मचारी नियूक्त गर्नुपर्ने देखिन्छ ।

सैद्धान्तिक बेरुजु

१७ **सार्वजनिक परीक्षण -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम स्थानीय तहले सार्वजनिक सेवा प्रवाहलाई प्रभावकारी, दिगो र भरपर्दो वनाउन कार्यक्रमको सामाजिक परीक्षण अन्तर्गत सार्वजनिक परीक्षण र सार्वजनिक सुनुवाई गर्नुपर्ने व्यवस्था बमोजिमको कार्य भएको पाइएन । तोकिए

बमोजिम सार्वजनिक परीक्षण गरी पालिकाबाट हुने आर्थिक कारोबारमा जवाफदेहिता र पारदर्शिताको प्रवर्द्धन गर्नु पर्दछ।

सैद्धान्तिक बेरुजु

१८ **जिन्सी निरीक्षण -** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ९९ मा सोही नियमावलीको नियम ९४, ९५ र ९६ बमोजिम जिन्सी मालसामानको लगत खडा गरी राख्नुपर्ने, सोको निरीक्षण गरी प्रतिवेदन तयार गर्नुपर्ने, प्रतिवेदनमा उल्लेखित सामान मध्ये मर्मत गर्नुपर्ने सामान ३ महिना भित्र र लिलाम गर्नुपर्ने सामान ६ महिना भित्र लिलाम गरी सक्नु पर्ने व्यवस्था छ ।तर पालिकाले यस वर्ष जिन्सी निरीक्षण गराई प्रतिवेदन तयार गरेको छैन। जसले गर्दा पालिकाको जिन्सीको अवस्था बारे यकिन गर्न सकिएन । नियमावलीको व्यवस्था अनुसार जिन्सी निरीक्षण गराई सोको आधारमा मर्मत सम्भार, लिलामी लगायतका कार्य गरी जिन्सी व्यवस्थापन गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

१९ **जिन्सी -** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ९९ मा सोही नियमावलीको नियम ९४, ९५ र ९६ बमोजिम जिन्सी मालसामानको लगत खडा गरी राख्नुपर्ने, सोको निरीक्षण गरी प्रतिवेदन तयार गर्नुपर्ने, प्रतिवेदनमा उल्लेखित सामान मध्ये मर्मत गर्नुपर्ने सामान ३ महिना भित्र र लिलाम गर्नुपर्ने सामान ६ महिना भित्र लिलाम गरी सक्नु पर्ने व्यवस्था छ । महालेखा नियन्त्रक कार्यालयले २०७७।८।७ मा २०७७।९।७ भित्र सबै तहका कार्यालयहरुलाइ २०७६।७७ सम्मको मौज्दात प्रबिष्टि र जिन्सी निरीक्षण फारम अनिवार्य रुपमा (PAMS)मा प्रविष्ट गर्ने र अनिवार्य रुपमा (PAMS) मा सरकारी सम्पत्तीको लेखाङ्कन गर्न परिपत्र गरेको छ । यस सम्बन्धि देखिएको व्यहोरा निम्नानुसार छः

कार्यालयले गत विगत वर्षको मौज्दात रहेका र यस वर्ष खरिद भएका समानहरुको Public Asset Management System (PAMS) मा प्रविष्टी गर्नुपर्नेमा सो गरेको पाइएन । कार्यालयले सामान खरिद गर्दा हालसम्म Manual दाखिला गरेको छ ।अनिवार्य रुपमा PAMS मा जिन्सी दाखिला गरि जिन्सी प्रतिवेदन तयार गर्नुपर्दछ।

यस पालिका अन्तर्गतका साविक गाउँ विकास समितिबाट भएका सम्पत्ति हस्तान्तरण सम्बन्धमा अभिलेख अद्यावधिक गरेको छैन ।

नियमावलीको व्यवस्था अनुसार जिन्सी निरीक्षण गराई सोको आधारमा मर्मत सम्भार, लिलामी लगायतका कार्य गरी जिन्सी व्यवस्थापन गर्नुपर्दछ। जिन्सी निरीक्षण प्रतिवेदनमा उल्लेख भएका सामानहरुको मर्मत तथा लिलाम गरी जिन्सी अधावधिक गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

२० **पेश्की बाँकी -** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ५२ मा पेश्की रकमको विवरण तयार गरी म्याद नाघेको र म्याद ननाघेको छुट्टाछुट्टै अभिलेख राखी एकीकृत लगत तयार गर्नु पर्ने व्यवस्था छ । यस वर्ष देहाय अनुसार म्याद ननाघेको मोविलाईजेशन पेश्की रू. ९७,१८,१५६।०० र म्याद नाघेको अन्य पेश्की रू. ३३,४७,४००।०० रहेको छ । उक्त पेश्की आर्थिक वर्षको अन्तसम्म म्याद ननाघेतापनि सोको अभिलेख व्यवस्थित गरी फस्यौंट गर्नुपर्दछ र म्याद नाघेको अन्य पेश्की फछ्र्यौट हुनु पर्ने रू.

*...........(प्रारम्भिक प्रतिवेदन उपर पेश्की फस्यौंट भई पेश भएको आधारमा मिति २०८०-१२-२१ को निर्णयबाट रू. ६३,०९,७०९।- सम्परीक्षण गरिएको ।)*

| क्र स | पेश्की लिने फर्म तथा व्याक्ति | कार्य विवरण | रकम (म्याद नाघेको) | रकम (म्याद ननाघेको) |
|---|---|---|---|---|
| १ | एसि कन्स्ट्रक्सन | कर्मचारी आवास निर्माण | | |
| २ | एसि कन्स्ट्रक्सन | गाईथुना कालिका मा वि संगम चौक ढुङ्गे सल्लाघारी रोड स्तरोन्नती (म्याचिङ फण्ड) | | १९६५०० |
| ३ | शुभकामना आले जेभी | स्थानीय तहको प्रशासकीय पुर्वाधार विकास कार्यक्रम (गत आव) | | ६५०००० |
| ४ | सोवर्ण हिमालयन जेभी | समपुरक कोष म्याचिङ फण्ड (गत आव) | | ९३९६५६ |
| ५ | पोखरा कन्स्ट्रक्सन प्रालि | लिम्बुनी पुल देखी पर्यटकीय क्षेत्र धोद्रे सम्म जोड्ने बाटी स्तरोन्नती | | ६०७००० |
| ६ | शुभकामना आले जेभी | स्थानीय तहको प्रशासकीय पुर्वाधार विकास कार्यक्रम | | ४८२५००० |
| ७ | आर के पोमु जेभी | धोद्रे गाउँपालिका मिचिरिङ खाने पानी योजना | १६७३७०० | |
| ८ | आर के पोमु जेभी | धोद्रे गाउँपालिका मिचिरिङ खाने पानी योजना | १६७३७०० | |
| ९ | सरस्वती माध्यामिक विद्यालय हाङपाङ | नमुना विद्यालयको क्रमागत भवन निर्माण तथा कक्षा ११ स्तोन्नति भएका प्राविधिक धार विद्यालयको ल्यव व्यवस्थापन अनुदान | | ६५०००० |
| १० | सरस्वती माध्यामिक विद्यालय हाङपाङ | ऐऐ | | ४५०००० |
| ११ | सरस्वती माध्यामिक विद्यालय हाङपाङ | ऐऐ | | ९००००० |
| १२ | सरस्वती माध्यामिक विद्यालय हाङपाङ | ब्याडमिन्टन कोडमा पार्केटिङ निर्माण | | ५००००० |

| जम्मा | ३३,४७,४०० | ९७१८१५६ |
|---|---|---|

| पेश्की | ३३,४७,४०० |
|---|---|

२१ **कर तथा शुल्क असुली -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ५५, ५७, ५८ र ५९ मा एकीकृत सम्पत्ति कर र घरजग्गा कर, घरजग्गा बहाल कर, व्यवसाय कर र बहाल बिरौटी शुल्क उठाउने व्यवस्था रहेको छ । ती आय शीर्षकमा आय अनुमान र असुली स्थिति निम्नानुसार रहेको देखिन्छ ।

| आय शीर्षक | अनुमान | असुली | असुली प्रतिशत |
|---|---|---|---|
| अन्य आय | ४५७८००० | ५३३४०९२ | १०१.१६ |
| जम्मा | ४५७८००० | ५३३४०९२ | १०१.१६ |

पालिका भित्र रहेका करदाताहरुको अभिलेख व्यवस्थित नरहेको एवं बुझाउन ल्याएको अवस्थामा मात्र कर एवं शुल्क बुझ्ने परिपाटी रहेकोले उल्लिखित असुली यथार्थ मान्न सक्ने अवस्था देखिएन ।तसर्थ आफ्नो क्षेत्रभित्र करदाताको अभिलेख अद्यावधिक गरी करको दायरामा ल्याउनु पर्दछ।

| सैद्धान्तिक बेरुजु |
|---|

२२ **व्यवसाय कर -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ५८ मा पालिकाले आफ्नो कार्यक्षेत्रभित्र रहेका विभिन्न व्यवसाय गर्ने व्यक्तिबाट व्यवसाय कर उठाउनुपर्ने व्यवस्था रहेको छ । यस वर्ष पालिकाले व्यवसाय दर्ता तथा नवीकरण शुल्कबापत रू.५ लाख १५ हजार कर सङ्कलन गरेकोमा पालिकाको क्षेत्रभित्र रहेका व्यवसायीहरुको अभिलेख अद्यावधिक गरेको छुन् । जसबाट पालिकाले सङ्कलन गरेको व्यवसाय कर यथार्थ मन्न सक्ने अवस्था छुन । तसर्थ पालिकाले क्षेत्र भित्र सञ्चालनमा रहेका सम्पूर्ण व्यवसायीको अद्यावधिक अभिलेख राखी करको दायराभित्र ल्याउनु पर्दछ ।

| सैद्धान्तिक बेरुजु |
|---|

२३ **राजस्व घटी दाखिला -** .......... ***(प्रारम्भिक प्रतिवेदन उपर असूल भई पेश भएको आधारमा मिति* २०८१-१-६ *को निर्णयबाट रू.*७७,००० */- सम्परीक्षण गरिएको ।)***

२४ **आय अनुमान -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आयसमेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ । पालिकाले पेश गरेको आय-व्ययको अनुमानमा आन्तरिक आयतर्फ मालपोत, कर, सेवा शुल्क, दस्तुरबापत अनुमानित रू.४५ लाख ७८ हजार प्राप्त हुने प्रक्षेपण गरेकोमा आर्थिक वर्ष २०७९।८० मा रू.५३ लाख

३४ हजार अर्थात अनुमान भन्दा १.१६ प्रतिशत बढी आय प्राप्त गरेको छ । आम्दानीका अन्य स्रोतको पहिचान गरी आयको अनुमान यर्थाथपरक बनाई आय आर्जन बृद्धि गर्नेतर्फ विशेष ध्यान दिन आवश्यक देखिएको छ ।

सैद्धान्तिक बेरुजु

२५ **राजश्व अभिलेख -** कार्यालयले राजस्वको अभिलेख अद्यावधिक गरी सोको लेखापरीक्षण गराउने जिम्मेवारी कार्यालय प्रमुखको हुने व्यवस्था रहेको छ । पालिकाबाट रसिद ठेलीहरु छपाई गरेर वडा कार्यालयमा पठाउने गरेकोमा सोको पूरा अभिलेख पालिकामा आएको देखिएन । अघिल्लो आ.व.को बाँकी के कति छन् एकिन गर्न सकिएन । कार्यालयबाट सबै वडाहरुमा पनि स्वचालित प्रणालि जडान गरी राजस्व सङ्कलन गर्ने तर्फ कार्यालयको ध्यान जानुपर्दछ । यसले गर्दा व्यक्तिहरुले छुट्टै रसिद छपाउने जोखिम विद्यमान रहन्छ । यसको सम्बन्धमा तहाँ कार्यालयबाटै छानबिन गर्नुपर्दछ । अतः कार्यालयले आगामी दिनमा रसिद नियन्त्रण तथा राजस्व असुलीलाई स्वचालित प्रणाली मार्फत व्यवस्थापन सम्बन्धमा विशेष ध्यान पर्‍याउनुपर्ने देखियो ।

सैद्धान्तिक बेरुजु

२६ **रसिद नियन्त्रण खाता -** नगदी रसिदको प्रयोगबाट सङ्कलन गरिने आम्दानीलाई वास्तविक एवं तथ्यपरक बनाउन एवं नगदी रसिदको दुरुपयोग हुन नदिन महालेखा परीक्षकले तोकेको ढाँचामा रसिद नियन्त्रण खाता राख्नुपर्ने व्यवस्था छ । पालिकाले यस वर्ष पालिका तथा वडा कार्यालयहरु, स्वास्थ्य चौकी, एम्बुलेन्स आदिबाट नगदी रसिदको प्रयोग गरी रू. ३१,६४,५९७.७० आम्दानी गरेको विवरण पेश भएको छ । तर रसिद नियन्त्रण खाता र प्राप्त नगदी रसिद परीक्षण गर्दा विभिन्न वडा कार्यालय तथा स्वास्थ्य चौकीहरुमा रसिद नियन्त्रण खाताबाट वितरण भएका नगदी रसिद भन्दा फरक नम्बरका रसिदहरु (र. नं. ४००१ देखि ४७०० सम्मका विभिन्न ७ ठेली रसिद) बाट समेत रू. ३,१२,७००.०० आम्दानी गरेको देखिन्छ । यसरी रसिद नियन्त्रण खातामा पोष्टिङ नगरी अन्य रसिद समेत प्रयोग भएको देखिएकोले पालिकाले देखाएको आम्दानी सही र यथार्थपरक छ भन्ने अवस्था देखिएन । तसर्थ यस सम्बन्धमा पालिकाले अन्य रसिदहरु समेत प्रयोग भए नभएको यकिन गरी आम्दानी सुनिश्चित गर्नुपर्ने देखिन्छ ।

सैद्धान्तिक बेरुजु

२७ **आन्तरिक आय ठेक्का -** पालिकाले यस वर्ष ढुङ्गा, गिट्टी, बालुवा, ग्राभेल आदि प्राकृतिक श्रोतको उपयोगमा लिइने कर संकलनका गर्न देहाय बमोजिमका आय ठेक्काका लागि मिति २०७९।५।२८ गते प्रथम पटक सिलबन्दी दरभाउ पत्र आह्वान गरेको छ ।

| ठेक्का नं. | उत्खनन् क्षेत्र विवरण |
|---|---|

| | |
|---|---|
| ATRM/REV/०१/०७९/८० | Near Limbuni pul (at least ५०० away from bridge), Niguradin |
| ATRM/REV/०२/०७९/८० | Tamor-Kabeli Dovan-Matey, Phulbari |
| ATRM/REV/०३/०७९/८० | Tamor-Maiwa Dovan (at least ५००m away from bridge) |

उपरोक्त ठेक्काका सम्बन्धमा देखिएका व्यहोराहरु देहाय बमोजिम छन्ः

२७.१ **लागत अनुमान तथा न्यूनतम अङ्क -** पालिकाले आय ठेक्काका लागि प्रारम्भिक वातावरणीय परीक्षण (IEE) प्रतिवेदनका आधारमा उत्खनन् गर्न सकिने नदीजन्य पदार्थ (ढुङ्गा, गिट्टी, बालुवा आदि) को परिमाण र प्रदेश आर्थिक ऐनले तोकेको दरका आधारमा लागत अनुमान तयार गरी न्यूनतम ठेक्का अङ्क कायम गर्नुपर्दछ । पालिकाले ठेक्का सम्झौता गर्ने अवधिदेखि जेष्ठ मसान्त सम्मको लागि IEE प्रतिवेदनका आधारमा देहाय बमोजिमको परिमाण र न्यूनतम अङ्क निर्धारण गरेको लागत अनुमान तयार छ । तर सिलबन्दी दरभाउ पत्र आह्वान गर्दा उत्खनन् गर्न सकिने परिमाण र न्यूनतम अङ्क खुलाएको छैन ।

| उत्खनन् क्षेत्र | परिमाण (घ.मी.) | दर | न्यूनतम रकम |
|---|---|---|---|
| लिम्बुनी पुल नजिक निगुरादिन | १८६२६.४ | ४२.१८१ | ७८५६८८.५१ |
| तमोर-कावेली दोभान- फुलवारी | १६२२१.६० | ४२.१८१ | ६८४२५०.५६ |
| तमोर-मैवा दोभान, चाँगे | १४३१३.६० | ४२.१८१ | ६०३७६८.३६ |

पालिकाले लागत अनुमान तयार गर्दा उपरोक्त दर अनुसार कायम गरेको न्यूनतम अंक प्रदेश आर्थिक ऐन, २०७९ अनुसार मिल्ने देखिएन । उपरोक्त घनमिटरमा दिइएको परिमाणलाई घनफिटमा परिणत गरी प्रदेश आर्थिक ऐन, २०५९ अनुसारको दरले गणना गर्दा निम्नानुसार न्यूनतम मूल्य कायम गर्नु पर्ने देखिन्छ । तर पालिकाले निम्नानुसारको परिमाण र न्यूनतम मूल्य कायम गरी ठेक्का आह्वान गरेको छैन ।

| उत्खनन् क्षेत्र | परमाण (घन फिट) | दर | न्यूनतम रकम (मू.अ.कर बाहेक) |
|---|---|---|---|
| लिम्बुनी पुल नजिक निगुरादिन | ६५७६९८.१८ | ६ | ३९४६१८९ |
| तमोर-कावेली दोभान- फुलवारी | ५७२७८.७० | ६ | ३४३६७०८ |
| तमोर-मैवा दोभान, चाँगे | ५०५४१३.२२ | ६ | ३०३२४७९ |

सैद्धान्तिक बेरुजु

२७.२ **ठेक्का नपरेको -** पालिकाले आह्वान गरेका उपरोक्त ठेक्का मध्ये ठेक्का नम्बर २।०७९।०८० तमोर-कावेली दोभान फूलबारी क्षेत्रको ठेक्का प्रथम पटकको सूचनामा ठेक्का नपरेपछि पुनः मिति २०७९।९।२१ मा

९१२५.३५ घ.मी. का लागि न्यूनतम रकम रू. ३,८४,८६९।०३ राखी सूचना गर्दा समेत कुनै पनि ठेक्का नपरेको कार्यालयले जनाएको छ ।

| सैद्धान्तिक बेरुजु |
|---|

२७.३ **ठेक्का नम्बर ०१।०७९।०८० -** लिम्बुनी पुल नजिक, निगुरादिन क्षेत्रको ठे.नं. ०१।०७९।८० का लागि प्रथम पटकको सूचनामा कुनै पनि ठेक्का नपरेपछि पुनः मिति २०७९।९।२१ मा दोस्रो पटक परिमाण १०४७८ को न्यूनतम अंक रू. ४,४१,९१८।३८ वि.ओ.क्यू. मा कायम गरी सूचना प्रकाशन गरेकोमा १ मात्र दरभाउपत्र गोदावरी निर्माण सेवाले पेश गरेको र कबोल अंक रू. ४,४२,००० (भ्याट बाहेक) लाई स्वीकृत गरी २०८० जेष्ठ मसान्त सम्मका लागि मिति २०७९।१०।१९ मा ठेक्का सम्झौता भएको देखिन्छ । तर दोस्रो पटकको सूचना प्रकाशन, वि.ओ.क्यू. एवं सम्झौतामा समेत कति परिमाण उत्खनन् गर्ने नखुलाई मूल्य मात्र उल्लेख गरेको छ । प्रदेश आर्थिक ऐन,२०७९ अनुसार १०४७८ घ.मी. अर्थात ३,६९,९७८.१८ घन फिटको रू.६।- का दरले हुने रू. २२,१९,८६९।- (मू.अ.कर बाहेक) न्यूनतम मूल्य कायम गरी ठेक्का आह्वान गर्नुपर्नेमा वि.ओ.क्यू.मा न्यूनतम मूल्य रू. ४,४१,९१८.३८ कायम गरेका आधारमा सिलबन्दी दरभाउपत्र पेश गर्ने गोदावरी निर्माण सेवाले ४,४२,०००।— कबोल गरेको देखिन्छ । जसले गर्दा प्रदेश कानूनले तोकेको दरले हुने रकम भन्दा मू.अ.कर समेत रू. २०,०८,९९२।- घटीमा ठेक्का सम्झौता भएको नियमसम्मत नदेखिएको रू.

| अनियमित भएको | २०,०८,९९२ |
|---|---|

२७.४ **ठेक्का नं. ०३।०७९।८० -** तमोर- मैवा दोभान, चांगे क्षेत्रको ठेक्का नम्बर ०३।०७९।८० का लागि पालिकाको लागत अनुमान बमोजिम १४,३१३।६० घन मीटरको वि.ओ.क्यू.मा न्यूनतम मूल्य रू. ६,०३,७६८।३६ (मू.अ.कर बाहेक) कायम गरी मिति २०७९।५।२८ मा सिलबन्दी दरभाउपत्रको सूचना आह्वान भए बमोजिम ३ वटा रीपूर्वकको दरभाउपत्र पेश भएकोमा सबै भन्दा बढी कबोल गर्ने श्रेङ् चोङ्वाङ् कन्स्ट्रक्सन, सान्थाक्रा-१ ताप्लेजुङको कबोल अंक ६,०५,००० (मू.अ.कर बाहेक) को दरभाउपत्र स्वीकृत गरी मिति २०८० जेष्ठ मसान्त सम्मका लागि २०७९।९।२० मा ठेक्का सम्झौता भएको देखिन्छ । पालिकाले सूचना, वि.ओ.क्यू. एवं सम्झौतामा समेत परिमाण उल्लेख नगरी न्यूनतम रकम अंक मात्र उल्लेख गरेको छ । सोही रकमलाई आधार मानी दरभाउपत्र पेश गर्नेले रू. ६,०५,०००।— (मू.अ.कर बाहेक) कबोल गरेको देखिन्छ । प्रदेश आर्थिक ऐन, २०७९ अनुसार १४,३१३।६० घन मिटर अर्थात ५,०५,४१३।२२ घन फिटको प्रति घनफिट रू.६।- का दरले रू. ३०,३२,४७९।— (मू.अ.कर बाहेक) न्यूनतम अंक कायम गरी ठेक्का आह्वान गर्नु पर्नेमा वि.ओ.क्यू.मा रू. ६,०३,७६८।३६ कायम गरेका आधारमा सिलबन्दी दरभाउपत्र पेश गर्ने श्रेङ् चोङ्वाङ् कन्स्ट्रक्सनले रू. ६०५०००।— (मू.अ.कर बाहेक) कबोल गरेको देखिन्छ । जसले गर्दा प्रदेश कानूनले तोकेको दरले हुने रकम भन्दा मू.अ.कर समेत रू. २७,३१,७५१।— घटीमा ठेक्का सम्झौता भएको नियमसम्मत नदेखिएको रू.

| अनियमित भएको | २७,३१,७५१ |
|---|---|

२७.५ **अनुगमन -** पालिकाले ठेक्का आह्वानको सूचनामा, वि.ओ.क्यू.मा तथा सम्झौतामा समेत संकलन तथा निकासी गरिने ढुङ्गा, गिट्टी, बालुवा आदिको परिमाण उल्लेख नगरी एवं प्रदेश कानूनले तोके बमोजिमको न्यूनतम मूल्य कायम नगराई सूचना निकालिएको अवस्थामा ठेकेदारले कबोल गरेको मूल्य भन्दा बढीको परिमाणमा उत्खनन्, संकलन तथा निकासी भए नभएको सम्बन्धमा पालिकाबाट कुनै अनुगमन गरी प्रतिवेदन गरेको देखिएन । जसले गर्दा ठेकेदारले कबोल गरेको अंक बराबरकै प्राकृतिक श्रोत, उत्खनन् तथा निकासी गरेको छ भन्ने अवस्था देखिएन । तसर्थ पालिकाले यसतर्फ सचेत भई निरन्तर अनुगमन गर्नुपर्ने देखिन्छ।

| |
|---|
| सैद्धान्तिक बेरुजु |

२७.६ **दाखिला नगरेको -** पालिकाले यस वर्ष ढुङ्गा, गिट्टी, बालुवा, ग्राभेल आदि प्राकृतिक श्रोतको उपयोगमा लिइने करका लागि आह्वान गरेका ठेक्का मध्ये ठेक्का नम्बर ATRM/REV/०३/०७९/०८०को ठेकेदार श्रेङ्चोङ्वाङ् कन्स्ट्रक्सन सान्थाका-१ ताप्लेजुङको कबोल गरेको अंक मू.अ.कर समेत रू. ६,८३,६५०।०० मध्ये ५० प्रतिवेदतले हुने रू. ३,४१,८२५।०० सम्झौता गर्दाका बखत दाखिला गरेको र बाँकी ५०% ले हुने रू. ३,४१,८२५।०० मिति २०८० जेष्ठ मसान्त भित्र दाखिला गरी सक्नु पर्नेमा हाल सम्म पनि दाखिला नगरेको हुँदा सम्झौताको बुँदा नं. ४ अनुसार ब्याज समेत गणना गरी असुल गर्नुपर्ने रू.

| | |
|---|---|
| असुल गर्नुपर्ने | ३,४१,८२५ |

२८ **आन्तरिक आय -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आय समेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ । पालिकाले आर्थिक वर्ष २०७९।८० मा केन्द्रीय अनुदानबाट गरेको खर्चका तुलनामा आन्तरिक आयको स्थिति देहाय बमोजिम छ।

| **केन्द्रीय अनुदानबाट खर्च** | **आन्तरिक आय** | **आन्तरिक आय प्रतिशत** |
|---|---|---|
| ४१७८४१२४७ | ५३३४०९२ | १.२ |

उपर्युक्त विवरण अनुसार स्थानीय तहमा प्राप्त केन्द्रीय अनुदानबाट भएको खर्चको तुलनामा आन्तरिक आयको हिस्सा १.२ प्रतिशत मात्र रहेको छ । त्यसैले पालिकाको आन्तरिक आय सङ्कलनको दायरालाई फराकिलो पार्दै आन्तरिक आय वृद्धि गर्नेतर्फ ध्यान दिनुपर्ने देखिन्छ ।

| |
|---|
| सैद्धान्तिक बेरुजु |

२९ **भेटेरिनरी औषधीको अभिलेख -** पालिकाले खरिद गरेका औषधीहरुको आम्दानी तथा खर्चको व्यवस्थित अभिलेख राख्नु पर्दछ । पालिकाबाट देहाय बमोजिम खरिद गरिएका औषधिहरु जिन्सी दाखिला गरी हस्तान्तरण फाराम मार्फत सम्बन्धित शाखामा पठाउने गरेको छ । सम्बन्धित शाखाले उक्त औषधिहरु विभिन्न कृषक/पशुपालकहरुलाई वितरण गरेको जति रजिस्टरमा जनाई दिने गरेको देखिन्छ । तर शाखामा प्राप्त भएका औषधिहरु आम्दानी रजिस्टरमा पोष्टिङ नगरी वितरण गरेको मात्र चढाउने गरेकोले कति

औषधीहरु मौज्दात बाँकी रहेका छन् भन्ने अभिलेखबाट देखिएन । अभिलेख व्यवस्थित नगर्दा औषधीको दुरुपयोग हुनसक्ने, खरिद आवश्यकताको पहिचान नहुने लगायतका जोखिम रहने हुँदा स्पस्ट देखिने गरी अभिलेख राख्नु पर्ने देखिन्छ ।

| भौ.नं./मिति | विवरण | आपूर्तक | भुक्तानी रकम |
|---|---|---|---|
| ९८।०७९।९।७ | विभिन्न ६५ प्रकारका औषधी | भट्टराई एग्रोभेट सेन्टर | ५९४४७४ |
| ४१२।०८०।३।२० | विभिन्न ३१ प्रकारका औषधी | - | १००००० |

सैद्धान्तिक बेरुजु

३० **ट्रयाकसुट खरिद तथा वितरण -** पालिकाले यस वर्ष वडा नं. ४ र ५ मा रहेका देहाय बमोजिमका विद्यालयहरुलाई वडा कार्यालयको कार्यक्रम अनुसार ट्रयाकसुट खरिद गरी हस्तान्तरण फारामद्वारा विद्यालयमा पठाएको देखिन्छ ।

| भौ.नं./मिति | विद्यालयको नाम | खरिद मूल्य |
|---|---|---|
| १३२।०७९।९।१३ | त्रिपुरेश्वर आ.वि. वडा नं. ५ | २२२६४२ |
| १३२।०७९।९।१३ | जालपा आ.वि. वडा नं. ५ | ७७००४ |
| ३८३।०८०।३।१६ | छाते ढुङ्गा मा.वि. वडा नं. ४ | २५९५९० |
| | जम्मा | ५५९२३६ |

उपरोक्त सम्बन्धमा देखिएका व्यहोराहरु देहाय बमोजिम छन् ।

३०.१ **फरक शिर्षक -** ........... ***(प्रारम्भिक प्रतिवेदन उपर नियमित भई पेश भएको आधारमा मिति २०८०-११-११ को निर्णयबाट रु २५९,५९०. /- सम्परीक्षण गरिएको ।)***

३०.२ पालिका अन्तर्गतका ५ वटा वडामा सबै तहका गरी ३३ विद्यालय रहेका छन् । पालिका अन्तर्गतका ५ वटा वडाको यस वर्षको आन्तरिक आम्दानी जम्मा रू. २८,५२,४९७।०० रहेको छ । यसरी केही वडा कार्यालयहरुले केही विद्यालयहरु छनोट गरी ट्रयाकसुट वितरण कार्यक्रम सञ्चालन गर्दा पालिका अन्तर्गतका धेरै विद्यालयका धेरै विद्यार्थीहरु सो सुविधाबाट वञ्चित भएको हुँदा न्यायोचित वितरण भएको देखिदैन । तसर्थ पालिकाले यस किसिमका कार्यक्रम तय गर्दा आफ्नो आय श्रोतलाई समेत विचार गरी सबैलाई न्यायोचित हुने गरी कार्यक्रम तर्जुमा गर्नुपर्ने देखिन्छ ।

सैद्धान्तिक बेरुजु

३१ **सवारी साधन मर्मत -** कार्यालयले सवारी साधन मर्मत गर्नुअघि अधिकार प्राप्त अधिकारीबाट मर्मत आदेश स्वीकृत गराई मर्मत गर्नुपर्ने र मर्मत गरिएका सवारी साधनको तोकिएको ढाँचामा मर्मत अभिलेख खातामा प्रविष्टि गरी अभिलेख व्यवस्थित गर्नुपर्दछ । पालिकाले भौ.नं. २९४।२०८०।२।१४ बाट देहाय बमोजिम

सवारी साधन मर्मत गरेको बिल संलग्न गरी विभिन्न पार्टीलाई भुक्तानी गरेको छ । तर उक्त सवारी साधन मर्मत गर्ने सम्बन्धमा अधिकार प्राप्त अधिकारीबाट मर्मत आदेश गराएको एवं मर्मत अभिलेख खातामा प्रविष्टि समेत गरेको देखिएन । तसर्थ यस सम्बन्धमा वास्तविक मर्मत भए नभएको सम्बन्धमा पालिकाबाट छानबिन गरी अभिलेख व्यवस्थित गरी नियमित गर्नुपर्ने अन्यथा असुल गर्नुपर्ने रू.

| भौ.नं./मिति | सवारी साधन | आपूर्तक/फर्म/कम्पनी | भुक्तानी |
|---|---|---|---|
| २९४।०८०।२।१४ | मे.१ झ. १६८ | भाग्यलक्ष्मी ट्रेड लिङ्क | २७२११४ |
| | | यु.भि. मोटो वर्कस प्रा लि | ९९९९३ |
| | | गणपति अटो इन्टरनेशनल | ५१६४१ |
| जम्मा | | | ४२३७४८ |
| | प्र-०१-००१-झ २२३ | यु.भि. अटो वर्कस | ९९८९२ |
| | | गणपति अटो इन्टरनेशनल | ९९६०९ |
| **जम्मा** | | | **१९९५०१** |
| **कुल जम्मा** | | | **६२३२४९** |

| अनियमित भएको | ६,२३,२४९ |
|---|---|

३२ **सवारी साधन मर्मत -** पालिकाले यस वर्षको बजेट किताबमा देहाय बमोजिममा मर्मत सम्बन्धी शीर्षकमा बजेट विनियोजन गरी खर्च गरेको छ । सावरी साधन मर्मत गर्दा प्रत्येक पटक मर्मत आदेश स्वीकृत गरी मर्मत गराई सो को मर्मत अभिलेख खातामा अभिलेखिकरण गरी अधिकार प्राप्त अधिकारीबाट प्रमाणित गरी राख्नु पर्दछ । तर पालिकाले विभिन्न २७ मोटर साइकल, १ स्कर्पियो जीप , १ एम्बुलेन्स लगायतका सवारी साधन मर्मत गर्दा धरै जसो मर्मत कार्यमा भुक्तानीका लागि बिल पेश गरेपछि मात्र मर्मत आदेश भर्ने र मर्मत अभिलेख खातामा चढाउने गरेको देखिन्छ । यसरी भुक्तानीका लागि बिल पेश हुँदा एकै पटक ९-१० महिना देखिका बिल समेत पेश भएको देखिन्छ । त्यसैगरी मर्मत अभिलेख खातामा पूर्ण रुपमा अभिलेखीकरण गरी प्रमाणित गरी राखेको समेत देखिएन । जसले गर्दा वास्तविक रुपमा सवारी साधनहरु मर्मत भए नभएको यकिन गर्ने अवस्था देखिएन । तसर्थ यस सम्बन्धमा पालिकाबाट वास्तविक खर्च भए नभएको यकिन गरी यस्ता खर्चमा नियन्त्रण गर्नुपर्दछ । वास्तविक रुपमा मर्मत कार्य नभई भुक्तानी भएको भए खर्च लेख्ने कर्मचारी/पदाधिकारीलाई जिम्मेवार बनाई असुल उपर गर्नुपर्दछ ।

| सि.नं. | बजेट शीर्षक | विनियोजन रकम | खर्च रकम |
|---|---|---|---|
| १. | सवारी साधन मर्मत खर्च मोटरसाइकल | २१०६५०० | १८३४७६४ |
| २. | सवारी साधन मर्मत खर्च | १०००००० | ९६२२५९ |

| | | | |
|---|---|---|---|
| ३. | सवारी साधन मर्मत खर्च एम्बुलेन्स | ७५०००० | ७५०००० |
| ४. | सवारी साधन मर्मत खर्च कार्यालय | ११५०००० | ११४७३१२ |
| ५. | कार्यालयका एम्बुलेन्स, मोटरसाइकल तथा सवारी साधन मर्मत खर्च | २०००००० | १९९९९६६ |
| **जम्मा** | | **७००६५००** | **६६९४३०१** |

सैद्धान्तिक बेरुजु

३३ **गाउँपालिकाभर निःशुल्क विद्युत कार्यक्रम -** आठराई त्रिवेणी गाउँकार्यपालिकाद्वारा मिति २०७९।३।१० मा पास भएको बजेट तथा सोही मितिमा स्वीकृत भएको आठराई त्रिवेणी गाँउपालिकाको विद्युत महशुल भुक्तानी सम्बन्धी कार्यविधि, २०७९ को दफा ३ मा उद्योग,कलकारखाना, संघसंस्था, सरकारी तथा गैर सरकारी कार्यालय, पसल व्यवसाय उद्योग बाहेक गाउँपालिकाका सबै वडाका विद्युत उपभोक्ताको आ.व २०७८।७९ सम्मको सम्पुर्ण विद्युत महसुल भुक्तानी गरिसकेका र अनुसूची १ को ढाँचा अनुसार स्वघोषणा गर्ने आम उपभोक्तालाई विद्युत महशुल निशुल्क गरिदिने गरी शर्तहरु तोकिएको छ । त्यस्तै कार्यविधिको दफा ७(१) मा आर्थिक प्रशासन शाखाले निशुल्क विद्युत वितरण गर्ने उपभोक्ताको लगत र भुक्तानी भएको स्रेस्ता चुस्त दुरुस्त राख्नु पर्ने समेत व्यवस्था गरेको छ । उक्त कार्यक्रमको लागि पालिकाले यस आ.व मा रू. १८,००,०००।०० बजेट विनियोजन गरी नेपाल विद्युत प्राधिकरण ताप्लेजुङ् वितरण केन्द्रसँग २०७९।५।२२ मा सम्झौता गरी विनियोजन गरेको रकम ३ किस्तामा नेपाल विद्युत प्राधिकरणलाई पुरै रू. १,८०,००००।०० भुक्तानी गरेको छ । पालिकाले कार्यविधि बनाएतापनि कार्यविधिले तोके अनुसार पालिकाभित्र यस्तो सुविधा दिनुपर्ने कति घर धुरी रहेका छन् सो को अभिलेख राखेको छैन । त्यस्तै निशुल्क विद्युत सुविधा प्राप्त गर्नेले कार्यविधिले तोके बमोजिमको स्वघोषणा गरेको विवरण समेत पेश गरेका छैनन् । विद्युत प्राधिकरणबाट प्राप्त विववरणमा २०७९ श्रावणमा वडा नं ३,४ र ५ मा ६४९ ग्राहकको रू. ७०,५०८।५० र वडा नं १ र २ को दुइ सहकारी संस्था मार्फत भुक्तानी हुने २ ग्राहक संख्याको रू. ३२,८८४।२७ समेत रू. १,०३,३९२।७७ मासिक महसुल उठेको देखिन्छ । सोलाई आधार लिँदा वार्षिक भुक्तानी गर्नुपर्ने विद्युत महसुल रू. १२,४०,७१३।२४ हुने देखिन्छ । कार्यविधि तयार गर्दा न्युनतम कति युनिट सम्म निशुल्क गर्न सकिने भन्ने प्रावधान नराखी सबै रकम निशुल्क गर्दा विद्युतको दुरुपयोग समेत हुन सक्ने देखिन्छ । यसरी विद्युत प्रयोग गर्ने ग्राहकको स्पष्ट अभिलेख नराखी कार्यविधिले भने बमोजिम स्वघोषणा फाराम समेत नभराई एवं वास्तविक रुपमा कति महशुल उठेको हो सोको हिसाब एकिन नगरी विनियोजित बजेट पूरै भुक्तानी गर्ने कार्य नियम सम्मत देखिएन रू.

| | |
|---|---|
| अनियमित भएको | १८,००,००० |

३४ **शैक्षिक अनुदान -** आठराई त्रिवेणी गाउँपालिकाको शैक्षिक अनुदान (सामुदायिक विद्यालय) निर्देशिका २०८० को दफा ३ मा विद्यालयलाई दिइने अनुदान सम्बन्धी व्यवस्था गरेको छ । उक्त दफाका सव दफाहरुमा उक्त अनुदानबाट विद्यालयले कुन कुन शिर्षकमा कति कति खर्च गर्न पाउने स्पष्ट गरेको छ । त्यसैगरी

सोही निर्देशिकाको दफा ६(क)(ई) मा प्रमुख प्रशासकीय अधिकृत, शिक्षा शाखा प्रमुख विद्यालय निरीक्षकले आवस्यकता अनुसार निकासा भएको अनुदान नियमानुसार खर्च भए नभएको बारे जाँचबुझ अनुगमन र निरीक्षण गर्नुपर्ने समेत व्यवस्था छ । पालिकाले आर्थिक वर्षको अन्त्यमा भौ.नं. ४५०।२०८०।३।२२ मा विभिन्न १५ वटा विद्यालयलाई रू.२०,०००।०० देखि रू.८,००,०००।०० सम्म जम्मा रू.२०,७०,०००।००अनुदान दिएको छ । तर कार्यविधिले तोके बमोजिम विद्यालयहरुले खर्च गरे नगरेको सम्बन्धमा पालिकाबाट जाँचबुझ, अनुगमन र निरीक्षण गरेको छैन । यसरी कार्यविधिले तोके बमोजिमको प्रकृया पुरा नभएको हुँदा तोकिएका कर्मचारी/पदाधिकारीहरुबाट जाँचबुझ, अनुगमन र निरीक्षण गरेको प्रतिवेदन समावेश गरी नियमित गर्नुपर्ने देखिएको रू.

| | |
|---|---|
| अनियमित भएको | २०,७०,००० |

३५ **उन्नत जातको भेडाको बिउ बोका (साँड) वितरण -** ........... ***(प्रारम्भिक प्रतिवेदन उपर नियमित भई पेश भएको आधारमा मिति* २०८०-११-२८ *को निर्णयबाट रु* ८२,८८०. */- सम्परीक्षण गरिएको ।)***

३६ **प्रधानमन्त्री रोजगार कार्यक्रम -** स्थानीय तहमा सूचीकृत बेरोजगार व्यक्तिलाई न्यूनतम रोजगारीको प्रत्याभूत गराउन एवम् सामूदायिक पूर्वाधारहरुको विकास मार्फत नागरिकको जीवनयापनमा सुधार ल्याउने उद्देश्यले स्थानीयतह भित्र प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालनमा रहेको छ । यस कार्यक्रम व्यवस्थित रुपमा सञ्चालनका लागि प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन निर्देशिका, २०७५ तयार गरेको छ । यस कार्यक्रम अन्तर्गत पालिका मातहत रहेको ५ वडामा ५ योजना सञ्चालन गरी यस वर्ष ६९ जनालाई औसत १०० दिनले ६९०० दिन रोजगारी उपलव्ध गराई रु ३९,८१,३००।०० श्रमिक ज्याला खर्च गरेको छ । पालिकाका नियमित योजना र प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गतका योजना छनौट गर्दा योजना छनौटको आधार नखुलाएकोले दोहोरो परे नपरेको सम्बन्धमा स्पष्ट हुन सकिएन । योजनामा दोहोरो नहुने गरी योजना छनौट गरी कार्यान्वयन गर्नुपर्दछ । उक्त खर्चवाट लक्षित वर्गमा अल्पकालीन रोजगारी सृजना भए तापनि कामको दीगोपना तथा दीर्घकालीन रोजगारी सिर्जना भएको देखिंदैन । तसर्थ कार्यक्रम सञ्चालन निर्देशिका बमोजिम व्यवस्थित तवरले कार्य सञ्चालन गर्नुपर्दछ ।

| |
|---|
| सैद्धान्तिक बेरुजु |

३७ **खयन आलु कार्यक्रमको लागि पाइप खरिद कार्यक्रम -** ........... ***(प्रारम्भिक प्रतिवेदन उपर असूल भई पेश भएको आधारमा मिति* २०८०-१२-८ *को निर्णयबाट* रू. १४६,९९२.६५ */- सम्परीक्षण गरिएको ।)***

३८ **लघु उद्यम विकास कार्यक्रम -** पालिकाले वार्षिक बजेट तथा कार्यक्रममा प्रविधि हस्तान्तरण नामक कार्यक्रम रहेको छ । गरिवी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम सञ्चालन निर्देशिका,२०७७ को दफा

४१ को उपदफा ३ मा उपलब्ध गराईने प्रविधिको कुल लागतको कम्तिमा २० प्रतिशत रकम उद्यमि स्यवंमले वयहोर्नुपर्ने व्यवस्था छ । पालिकाले भौ नं २५१।३।२४ बाट उद्यमिलाई रु ३,२५,६५५।०० को विभिन्न प्रविधि हस्तान्तरण गर्दा २० प्रतिशतले हुने रकम रु ६५,१३१।०० उद्यमिले व्यहोर्ने गरी कार्यक्रम संचालन गर्नुपर्नेमा सबै रकम पालिकाबाट व्यहोर्ने गरी संचालन गरेको छ । यसरी कार्यक्रम संचालन गरी उद्यमीको अंश समेत पालिकाबाट भुक्तानी गरेकोले पालिकालाई थप व्ययभार परेको हुँदा उक्त कार्य निमय सम्मत नदेखिएको रु

| | |
|---|---|
| अनियमित भएको | ६५,१३१ |

३९ **वर्षान्तको पेश्की -** ✂ .......... ***(प्रारम्भिक प्रतिवेदन उपर पेश्की फस्यौंट भई पेश भएको आधारमा मिति २०८०-११-२८ को निर्णयबाट रू.५,८०,००० /- सम्परीक्षण गरिएको ।)***

४० **अनुदान वितरण -** अनुदान वितरण गर्दा एउटै लाभग्राहीलाई पटक पटक दोहोरो पर्ने गरी र कतिपय लाभग्राहीलाई सो अवसरबाट बञ्चित हुने गरी वितरण गर्नु हुदैन ।पालिकाले अनुदान वितरण गर्ने कार्यमा अनुदान प्राप्त गर्ने लाभग्राहीहरुसंग विगतमा अनुदान प्राप्त गरे नगरेको व्यहोरा उल्लेख गरी स्वघोषणा फाराम भराउने कार्य गरेको देखिदैन । यस्तो कार्यबाट एउटै लाभग्राहीले बारम्बार अनुदान प्राप्त गर्ने तथा कतिपय लाभग्राही अनुदान प्राप्तिबाट विमुख हुने सम्भावना रहन्छ । साथै अनुदान वितरण कार्यमा दोहोरोपना समेत हुने हुँदा पालिकाले अनुदान वितरणको अभिलेख व्यवस्थित गरी दोहोरो नपर्ने गरी समानुपातिक ढंगले वितरण गर्नुपर्ने देखिन्छ ।

| |
|---|
| सैद्धान्तिक बेरुजु |

४१ **खयन आलु उत्पादन कार्यक्रम -** पालिकाको स्वीकृत वार्षिक बजेट निति तथा कार्यक्रममा खयन आलु उत्पादनका लागि रु ६,००,०००।०० बजेट बिनियोजन भएको छ । पालिकाले खयन आलु उत्पादन कार्यक्रम संचालन गर्नको लागि मिति २०७९ साल मंसिर १३ गते प्रस्ताव आवहान बमोजिम निवेदन दिएको खयन आलु उत्पादन समितिसंग २६००० केजि आलुको विउ वितरण तथा रु १,३०,०००।०० ढुवानी खर्च समेतको कार्यक्रम साझेदारीमा गर्ने गरी सम्झौता गरेतापनि उक्त विउ वितरणको लागि उपयुक्त लाभग्राही को हुने तिनको छनौट कसरी हुने सो कुरा खुलाएको छैन । विभिन्न वडाहरुले विभिन्न परिमाणमा विभिन्न लाभग्राहीलाई वितरण गरेको भरपाई पेश गरेको भएतापनि ति लाभग्राही छनौटको आधार तथा विउ वितरण गरिने परिमाणको सन्दर्भमा स्पष्ट भएन । भौ.नं ९२।२०७९।१२।२३ बाट समितिले पालिका समक्ष न्यु मेचि एग्रोभेटस फर्म फुडलिङकसंग रु ४०।-को दरले २३७०५ केजी आलुको विउ कुल रु ९,४८,२००।०० मा खरिद गरी विजक पेश गरेको मध्ये पालिकाले विलको ५० प्रतिशत रकम रु ४,७४,०८०।०० तथा ढुवानी भाडाको भरपाई रु १,१८,५२५।०० मध्ये रु ५९,२६३।०० गरी जम्मा रु ५,३३,३६२।०० पालिकाबाट भुक्तानी भएको छ । मिति २०७९।१२।२२ मा पेश गरेको अनुगमन प्रतिवेदनमा केहि वाडका जनप्रतिनिधिको हस्तार देखिएन । यसरी कार्यक्रम प्रस्तावको बेला कुल २६०००

केजि आलुको विउ वितरण गर्ने गरी बनाईएकोमा लागत अनुमानभन्दा २२९५ केजी कम खरीद गरि विउ वितरण गरी कार्य सम्पन्न भएको छ । विकास र स्तरउन्नतिको लागि संचालन गरिएको कार्यक्रमको प्रभावकारीता मापन गर्ने विधिमध्ये सामाजिक परिक्षण भएको छैन । अत यसको प्रभावकारीता मापनको लागि सामाजिक परिक्षण गराउन तर्फ पालिकाले विशेष जोड दिनुपर्छ ।

सैद्धान्तिक बेरुजु

४२ **स्यानिटरी प्याड -** स्यानिटरी प्याड (वितरण तथा व्यवस्थापन) कार्यविधि,२०७६ को दफा ४ मा पालिकाले खरिद गरेको स्यानिटरी प्याड गुणस्तरमा कमी नआउने गरी भण्डारण गर्नुपर्ने उल्लेख छ। साथै दफा ५ मा स्यानिटरी प्याड त्रैमासिक,चौमासिक वा अर्धवार्षिक रुपमा वितरण गर्न सकिने उल्लेख छ। पालिका भित्रका सामुदायिक विद्यालयहरुमा कक्षा ६ भन्दा माथिका छात्रा विद्यार्थीहरु १६८० जना रहेका छन। पालिकाले Ankur Diagnostic and Surgical center, Biratnagar बाट ९९२४ थान स्यानिटरी प्याड रु ९,१२,९४१।०० (मु अ कर समेत) मा खरिद गरेको छ। पालिकाले गत विगतको खपतलाई आधार मानी समयमै उचित परिमाणमा खरिद गर्नुपर्नेमा वर्षान्तमा खरिद गरि मौज्दातमा राखेको देखिन्छ। खरिद गरिएका प्याडहरु भण्डारण गर्दा गुणस्तरमा कमी नआउने गरी सुरक्षित रुपमा राखेको पाइएन।तसर्थ पालिकाले आवश्यकताको पहिचान गरी आवश्यक परिमाणमा मात्र प्याड खरिद गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

४३ **प्रमाण पेश गर्नुपर्ने -** आर्थिक कार्यविधि तथा वित्तीय उतरदायित्व नियमावली, २०७७ को नियम ३९(१०) मा जिम्मेवार व्यक्तिले सरकारी रकमको खर्च लेख्नु अघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आवश्यक बिल भरपाई र कागजात संलग्न भए वा नभएको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन रीत पुगे वा नपुगेको जाँच गर्नु पर्ने व्यवस्था छ।पालिकाले देहायबमोजिमका विद्यालयको शिक्षकहरुलाई तलबी प्रतिवेदन वेगर भुक्तानी गरेको हुँदा पारित तलबी प्रतिवेदन पेश गर्नुपर्ने अन्यथा असुल गर्नुपर्ने रु

***(प्रारम्भिक प्रतिवेदन उपर प्रमाण पेश भएको आधारमा मिति*** **२०८०-१२-१२** ***को निर्णयबाट रू.१,६३,७९९ ।- सम्परीक्षण गरिएको । )***

| विद्यालयको नाम | शिक्षकको नाम | ग्रेड दर | पारित ग्रेड | भुक्तानी ग्रेड | बढी भुक्तानी(क.सं.कोष समेत) | कैफियत |
|---|---|---|---|---|---|---|
| दुर्गा माध्यमिक विद्यालय | हेम बहादुर नेवार | १०९७ | २ | ६ | ६२३०९ | तलबी प्रतिवेदन अनुसार हेम बहादुर नेवारको नाममा २ ग्रेडको रकम पठाउनुपर्नेमा ६ ग्रेड तथा लोकनाथ भट्टराईको नाममा ६ ग्रेड पठाउनुपर्नेमा २ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | | | | ग्रेडको रकम मात्र पठाएको हुँदा सो को ग्रेड हिसाब मिलान प्रमाण पेश गर्नुपर्ने |
| **जम्मा** | | | | | ६२३०९ | |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ६२,३०९ |

४४ **बढी ग्रेड भुक्तानी -** आर्थिक कार्यविधि तथा वित्तीय उतरदायित्व नियमावली, २०७७ को नियम ३९(१०) मा जिम्मेवार व्यक्तिले सरकारी रकमको खर्च लेख्नु अघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आवश्यक बिल भरपाई र कागजात संलग्न भए वा नभएको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन रीत पुगे वा नपुगेको जाँच गर्नु पर्ने व्यवस्था छ । पालिकाले देहायबमोजिमका विद्यालयका शिक्षकहरुको तलब भत्ता भुक्तानी गर्दा पारित ग्रेड भन्दा बढी ग्रेड संख्या राखि भुक्तानी गरेको हुँदा बढी भुक्तानी असुल गर्नुपर्ने रु

***(प्रारम्भिक प्रतिवेदन उपर असूल भएको आधारमा मिति* २०८०-११-७ र २०८०-११-२८*को निर्णयबाट रू.३७,११८।- सम्परीक्षण गरिएको । )***

| **विद्यालयको नाम** | **शिक्षकको नाम** | **ग्रेड दर रु** | **पारित ग्रेड संख्या** | **भुक्तानी भएको ग्रेड संख्या** | **बढी भुक्तानी(क.सं.कोष समेत)** | **कैफियत** |
|---|---|---|---|---|---|---|
| देवी आधारभुत विद्यालय | गोविन्द प्रसाद आचार्य | ११५८ | ३ | ८ | ८२२१८ | चारै त्रैमासिकमा भुक्तानी |
| **जम्मा** | | | | | ८२२१८ | |

| | |
|---|---|
| असुल गर्नुपर्ने | ८२,२१८ |

४५ **दिवा खाजा, पाठ्यपुस्तक तथा छात्रवृत्ति वितरण**

**क) दिवा खाजा कार्यक्रम -** कार्याक्रम कार्यान्वय पुस्तिका २०७९।८० को क्रियाकलाप नं २.८.७ को ग मा विद्यालय सञ्चालन हुनासाथ दिवा खाजा व्यवस्थापन गर्नुपर्ने भएकाले आर्थिक वर्षको सुरुमै शैक्षिक व्यवस्थापन सूचना प्रणाली IEMIS मा समावेश भएको प्रारम्भिक बाल विकासदेखि कक्षा ६ सम्मको विद्यालय सङ्ख्यालाई आधार मानि प्रति विद्यालयका लागि दैनिक रु १५ का दरले पहिलो त्रैमासिकको बजेट निकासा गर्ने तथा बुँदा नं घ मा दोस्रो त्रैमासिकदेखि स्थानीय तहले विद्यालय भौतिक रुपमा पूरा चलेको दिन (परीक्षामा सामेल भएको दिनसमेत) खाजा उपलब्ध गराईएका विद्यालयको प्राधानाध्यापक र विव्यस अध्यक्षबाट विद्यालयको सङ्ख्यात्मक विवरण प्रमाणित गराई स्थानीय तहमा सङ्कलन गरी सङ्ख्या

यकिन भए पश्चात मात्र थप अनुदान दिने व्यवस्था मिलाउने व्यवस्था छ । साथै प्रत्येक त्रैमासिकमा निकासा गर्दा उक्त समयभन्दा अगाडि निकासा गरिएको रकम सदुपयोग भएको सुनिश्चत गर्ने व्यवस्था भएकोमा पालिकाले सशर्त चालु तर्फको भौ नं ६१।२०७९।११।२८ बाट रु २१,०३,५५५।००, भौ नं २१८।२०८०।३।२२ बाट रु १३,२८,४९०।००, भौ नं २५०।२०८०।३।२० बाट रु २८९२०।- तथा भौ नं १३९।२०८०।३।११ बाट रु १२,३३,१८०।०० समेत रु ४६,९४,१४५।०० विभिन्न ३३ विद्यालयको नाममा रकम निकासा गरेको छ । कार्यक्रम कार्यान्वयन पुस्तिकामा भएको व्यवस्था बमोजिम विद्यालयको प्राधानाध्यापक र विव्यस अध्यक्षबाट विद्यालयको सङ्ख्यात्मक विवरण प्रमाणीत नगराई तथा थप निकासा दिनुभन्दा अगाडी पहिलो त्रैमासिकमा निकासा गरिएको रकम सदुपयोग भयो भएन बारे कुनै प्रतिवेदन नै जारी नगरी निकासा गरेको कार्य विश्वनिय नभएकोले यसमा सुधार हुनुपर्दछ ।

**ख) पाठ्यपुष्तक वितरण** - कार्यक्रम कार्यान्वयन पुस्तिका, २०७९।८० को क्रियाकलाप नं २.८.३ को बुँदा नं क को १ मा स्थानीय तहले IEMIS मा प्रविष्ट तथ्याङ्कलाई स्थानीय तह अन्तरगत सञ्चालित सामुदायिक विद्यालयमा कक्षा १-१२ सम्मका विद्यालयहरुको यथार्थ तथ्याङ्कसँग सत्यापन गराई सत्यापित विवरण शिक्षा अधिकृतबाट प्रमाणित गरी सोका आधारमा आवश्यक कक्षागत र विषयगत पाठ्यपुस्तकको सङ्ख्या यकिन गर्ने तथा विद्यालयलाई पाठ्यपुस्तक व्यवस्थाका लागि कक्षा ११-१२ का लागि आर्थिक वर्षको प्रथम त्रैमासिक तथा कक्षा १-१० का लागि तेस्रो त्रैमासिक भित्र अनुदान दिने व्यवस्था छ । साथै यसरी अनुदान दिँदा पहिलो पटकमा विद्यार्थी सङ्ख्याको ७५ प्रतिशत लाई मात्र अनुदान दिने तथा शैक्षिक सत्रमा भएको नयाँ विद्यालय भर्नाको विवरण, पाठ्यपुस्तक खरिद र वितरण गरेको विवरणका आधारमा यकिन गरी नपुग हुने रकम मात्र दोश्रो पटक अनुदान दिने व्यवस्था छ । पालिकाले भौ नं १७३।२०८०।३।१६ बाट रु १८,७२,०५६।०० तथा भौ नं २२०।२०८०।३।२२ बाट रु ४९,३५९।०० समेत रु १९,२१,४१५।०० विभिन्न ३३ विद्यालयको नाममा पठाएको छ । दोस्रो पटक निकासा गर्दा शैक्षिक सत्रमा भएको नयाँ विद्यार्थी भर्नाको विवरण, पाठ्यपुस्तक खरिद र वितरण गरेको भरपाईको आधारमा यकिन गरेर मात्र निकासा दिनु पर्नेमा यकिननै नगरी विद्यालयहरुको नाममा पाठ्यपुस्तकको लागि निकासा गरिएको रु १९,२१,४१५।०० बमोजिमको पाठ्यपुस्तक खरिद गरी IEMIS प्रणालीमा व्यवस्थित विद्यार्थीहरुलाई वितरण गरे नगरेको सम्बन्धमा पालिकाबाट प्रभावकारी अनुगमन गरिनुपर्दछ ।

**ग) छात्रवृति वितरण कार्यक्रम-** कार्यक्रम कार्यान्वयन पुस्तिका,२०७९।८० को क्रियाकलाप नं २.८.४ मा उल्लेखित आवासीय एवम् गैर आवासीय छात्रवृति प्राप्त गर्ने सङ्ख्या यकिन गरी तोकिएको दर अनुसार शीर्षक खोली स्थानीय तहमा बजेट माग गर्ने तथा छात्रवृति अनुदान प्राप्त विद्यालयको विव्यसले स्थानीय तहको निर्देशन एवम् आधारहरुलाई ध्यानमा राखी शिक्षक, शिक्षक अभिभावक सङ्घ समेतको सहभागितामा विद्यालयमा उपलब्ध अनुदान(छात्रवृति) मध्येबाट विद्यालय व्यवस्थापन समितिले थप आधारहरु तय गरी छात्रवृति पाउने छात्रछात्राहरुको नामवालीसहितको विवरण अधावधिक गर्ने तथा सो नामावली विद्यालयको सूचना पाटीमा अनिवार्य रुपमा टाँस्न लगाई सोही अनुरुप छात्रवृति वितरण गर्नुपर्ने व्यवस्था छ । पालिकाले भौ नं ८६।२०७९।१२।२२ बाट रु ५,०८,८००।०० रकम छात्रवृतिका लागि ३२ विद्यालयको नाममा निकासा पठाएको रकमको सम्बन्धमा पालिकाबाट प्रभावकारी ढंगले अनुगमन गरी सम्बन्धित विद्यार्थीहरुले तोकिएको छात्रवृति पाए नपाएको यकिन गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

४६ **शिक्षक दरवन्दी र पदपूर्ति** - शिक्षा तथा मानवश्रोत विकास केन्द्रको कार्यक्रम कार्यान्वयन पुस्तिका, २०७९।०८० मा स्थानीय तहले दरबन्दी मिलानबाट कायम भएको दरबन्दी, शिक्षक अनुदान कोटा, प्राविधिक धार, प्रारम्भिक बाल विकास सहजकर्ता र विद्यालय कर्मचारी अनुदानमा कार्यरत शिक्षक, प्रशिक्षक तथा कर्मचारीको विद्यालयबाट प्राप्त मागफारम रुजुगरी निर्धारित तलब, भत्ता, पोशाक खर्च, चाडपर्ब खर्च अनुदान उपलब्ध गराउने व्यवस्था छ । पालिकाको क्षेत्रभित्र रहेका विद्यालयको दरबन्दी मिलान नगरी तलब भत्तामा अनुदान खर्च लेख्ने गरेको छ । साथै नेपाल सरकार मन्त्रिपरिषदबाट साविकमा नेपाल सरकारले जिल्लागत रुपमा उपलब्ध गराएको प्राथमिक, निम्न माध्यामिक तहका शिक्षक दरबन्दी तथा राहतकोटालाई स्थानीय तहगत रुपमा बाँडफाँड भए बमोजिमको शिक्षक दरवन्दी तथा पदपूर्ति देहाय वमोजिम रहेको र सोही बमोजिम अनुदान निकाशा भएको छ । विद्यालयमा शिक्षक विद्यार्थी अनुपात एकीन गरी नियमबमोजिम विद्यालय व्यवस्थापन र शिक्षक दरबन्दी मिलान हुनुपर्दछ।

सैद्धान्तिक बेरुजु

**(विस्तृत विवरण बेरुजु दफा ४६ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)**

४७ **पुस्तकालय तथा विज्ञान प्रयोगशाला निर्माण** - ✂ .......... ***(प्रारम्भिक प्रतिवेदन उपर प्रमाण पेश भएको आधारमा मिति* २०८०-११-२८ र २०८०-११-७ *को निर्णयबाट* रू. १३,००,००० /- *सम्परीक्षण गरिएको।)***

४८ **विद्यालय अनुदान तथा शैक्षिक गुणस्तर अनुगमन**

**क) विद्यालय अनुदान निकासाको अनुगमन** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११(२)मा सर्वमान्यतामा असर नपर्नेगरी पालिकाको काम कर्तव्य अधिकारको खण्ड (ज) (२१) मा सामुदायिक विद्यालयलाई दिने अनुदान तथा सो को बजेट व्यवस्थापन, विद्यालयको आयव्ययको लेखा, अनुशासन कायम र नियमन गर्नुपर्ने व्यवस्था छ ।पालिकाले आफ्नो अन्तरगत क्षेत्रभित्रका विद्यालयहरुले विद्यालय लेखामान दिग्दर्शन बमोजिम नगदी तथा जिन्सीको लेखा राखे नराखेको, कट्टी गरेको कर , नागरिक लगानी कोष, कर्मचारी सञ्चयकोष सम्बन्धित खातामा दाखिला गरे नगरेको, र नेपाल सरकारको २०७५।३।३२ को निर्णय बमोजिम विद्यालयमा कार्यरत शिक्षक तथा कर्मचारी पारिश्रमिक सुविधा अनिवार्य रुपमा बैंक खाता मार्फत भुक्तानी भए नभएको, विद्यालय सुधार योजना, सामाजिक परीक्षण र आर्थिक लेखापरीक्षण गरे नगरेको जस्ता विषयहरु समेतलाई ध्यान दिई विद्यालय अनुगमन मापदण्ड निर्धारण गरी विद्यालयको अनुगमन नियमन गरेको प्रतिवेदन देखिएन । साथै लेखापरीक्षण अवधिसम्म विद्यालयहरको लेखापरीक्षण भएको देखिएन । उल्लेखित विषयहरुलाई समेत आधार लिई अनुगमन मापदण्ड तयार गरी नियमित अनुगमन गरिनु पर्दछ ।

**ख) विद्यालयहरुको शैक्षिक गुणस्तरको अनुगमन** - कार्यक्रम कार्यान्वयन पुस्तिका, २०७९।०८० मा सामुदायिक विद्यालयहरूको शैक्षिक गुणस्तर स्थितिको नियमित रुपमा अनुगमन गरी सो को एक प्रति

प्रतिवेदन शिक्षा तथा मानवस्रोत विकास केन्द्रमा पठाउने र सोको कार्यान्यन गरी विद्यालयमा शैक्षिक गुणस्तर सुधार गर्ने व्यवस्था छ । यस पालिकाले आ.व.२०७९।८० मा विद्यालयको शैक्षिक गुणस्तर बारे मापदण्ड निर्धारण गरी अनुगमन गरेको प्रतिवेदन नदेखिएकोले आफ्नो पालिका क्षेत्रभित्रका विद्यालयहरूको शैक्षिक गुणस्तर सुधारतर्फ ध्यान दिन मापदण्ड निर्धारण गरी नियमित अनुगमन गर्नुपर्दछ।

सैद्धान्तिक बेरुजु

४९ **औषधि खरिद -** पालिकाकालाई आवश्यक पर्ने औषधिपालिकाबाट खरिद गर्नुपर्ने र तालुक निकायबाट प्राप्त हुने परिमाण यकिन गरी वार्षिक आवश्यकताको परिणाम विवरण तयार गरी पुल सिस्टमको आधारमा आपूर्ति व्यवस्थापन गर्नु पर्दछ । आपूर्ति हुने औषधी वा अन्य सामानमा उत्पादन मिति , म्याद सकिने मिति, ब्याच नं.उत्पादक कम्पनीको नाम र निःशुल्क वितरणको लागि लगायतका सूचना उल्लेख रहेको हुनुपर्दछ । आपूर्ति भएका औषधिको म्याद सकिने मिति भण्डार दाखिला समयदेखि कम्तीमा १८ महिना वाँकी हुनुपर्ने तथा भण्डारमा दाखिला गर्दा समेत उल्लेखित सबै विवरण खुलाउनुपर्दछ । यसवर्ष पालिकाले देहाय बमोजिमका शिर्षकबाट देहायका फर्मसँग रु ४२,६९,६६९।०० को औषधि तथा औषधिजन्य सामाग्री खरिद गरेको देखिन्छ । आपूर्ति हुने औषधी तथा औषधिजन्य सामाग्रीमा उल्लेखित सूचना पूर्ण रुपमा रहेको छैन भने औषधिको प्रयोग र मौज्दात समेत यकिन भएन । त्यसैगरी औषधि दाखिला गर्दा खरिद ईकाइका पदाधिकारी एवम् विज्ञ सहितको टोलीबाट स्पेशिफिकेशन बमोजिम भए नभएको मुचुल्का खडा गर्ने गरेको समेत देखिएन । अतः पालिकाले औषधि खरिद, उपयोग र मौज्दातको अवस्था यकिन गरी औषधि खरिदलाई व्यवस्थित बनाउनुपर्दछ ।

| **भौ.नं** | **बजेट उपशिर्षक** | **आपुर्तकको नाम** | **भुक्तानी रकम** |
|---|---|---|---|
| १९२।२०८०।३।२० | शसर्त चालु | मेडिसेल्स इन्टरनेशनल बिरतामोड | ९९५३४४।०० |
| ७४।२०७९।१२।१० | शसर्त चालु | ड्रग ईन्टरनेशनल फार्मेशी बानेश्वर | १०३६०००।०० |
| ५६।२०७९।७।०३ | पालिका चालु | ड्रग ईन्टरनेशनल फार्मेशी | ९९९५६१।०० |
| २१०।२०७९।१२।०९ | पालिका चालु | ड्रग ईन्टरनेशनल फार्मेशी | १२३८७६४।०० |
| **जम्मा** | | | ४२६९६६९।०० |

सैद्धान्तिक बेरुजु

५० **पिएनसी होम भिजिट कार्यक्रम -** स्थानीय तह कार्यक्रम कार्यान्वयन निर्देशिकाको PNC home visit कार्यक्रम संचालन प्रकृयामा बर्थिंग सेन्टरमा कार्य गर्न नियुक्त गरिएको नर्सिंग स्टाफहरुले घरभेट गर्न जाँदा दुरी र भौगोलिक विकटताको आधारमा रु २०० देखि र ५०० सम्म यातायात प्रोत्साहन खर्च उपलब्ध गराउनुपर्ने व्यवस्था भएकोमा पालिकाले दुरी तथा भौगोलिक विकटताको अवस्थालाई मुल्यांकन नगरी यस कार्यक्रममा

संलग्न नर्सिंग स्टाफहरुलाई एउटै दरमा भुक्तानी दिने कार्यले कार्यविधीमा भएको व्यवस्थाको परिपालना भएको देखिंदैन । यसले बजेट खर्चमा किफायती अवस्था कायम हुन सकेन ।तसर्थ पालिकाले यस तर्फ विशेष ध्यान दिनुपर्छ ।

सैद्धान्तिक बेरुजु

५१ **न्यानो झोला कार्यक्रम -** स्वास्थ्य तथा जनसंख्या मन्त्रालयबाट जारी गरेको आर्थिक वर्ष २०७९।८० मा सशर्त अनुदान तर्फ स्थानीय तहबाट सञ्चालन गरिने कार्यक्रमहरुको मार्गदर्शनमा प्रसुतिका आधारमा अनुमान गरी न्यानो झोलाको लागि अस्पतालहरुले सार्वजनिक खरिद ऐन र नियमावली अनुसार तोकिएको स्पेशिफिकेशन अनुसार खरिद गरी सो अनुसार गुणस्तर भए नभएको आधिकारिक तहबाट गुणस्तर परीक्षण गर्नु पर्ने व्यवस्था छ । यस पालिका अन्तर्गत दुई बर्थिङ सेन्टर रहेको छ । गत वर्ष खरिद भएको न्यानो झोला मध्ये कति थान न्यानो झोला खर्च भई कति थान मौज्दात रहेका थिए सोको अभिलेख राखेको छैन । यस वर्ष १५० थान न्यानो झोला रू. १,४९,१६०।००.(मु.अ.कर समेत) मा खरिद गरेकोमा यस वर्ष १०८ जना मात्र प्रसुति भएको अभिलेखबाट देखिन्छ । पालिकाको भण्डारमा खरिद गरिएका यस वर्षका ४२ थान न्यानो झोला मौज्दातमा रहेका छन् । खरिद भएका त्यस्ता झोलाहरु तोकिएको स्पेशिफिकेशन अनुसार गुणस्तर भए नभएको आधिकारिक तहबाट परीक्षण गरेको देखिएन । तसर्थ माग र आवश्यकताको वस्तुनिष्ठ आङ्कलन गरी गुणस्तरीय झोला खरिद गर्नुपर्दछ । लामो समय भण्डारण गर्दा सोको गुणस्तरमा ह्रास आउने हुनाले त्यसतर्फ समेत पालिकाले ध्यान दिनुपर्दछ ।

सैद्धान्तिक बेरुजु

५२ **स्वास्थ्य स्वयंमसेविका खर्च -** स्वास्थ्य कार्यक्रम निर्देशिकामा भएको व्यवस्थाबमोजिम स्वास्थ्य संस्थामा काम गर्ने महिला स्वास्थ्य स्वयंमसेविकालाई पोषण महाशाखामा दर्ता गराई निजको परिचय खुल्ने गरी विवरणको आधारमा वार्षिक रुपमा पोसाक भत्ता तथा यायायात खर्चको रकम भुक्तानी गर्नुपर्ने व्यवस्था छ । पालिकाले पोषण महाशाखामा दर्ता भए नभएको विवरण नखुलाई विभिन्न ७३ जना महिला स्वास्थ्य स्वयंमसेविकाको नाममा पोसाक तथा यातायात भत्तामा रु १६,०६,०००।०० खर्च गरेको छ । यसरी दर्ता भए नभएको एकिननै नगरी गरिएको भुक्तानी दोहोरो हुन सक्ने तथा सम्बन्धितले पाए नपाएको यकिन हुन सकेन ।तसर्थ पालिकाले यसतर्फ विशेष ध्यान दिनुपर्छ ।

सैद्धान्तिक बेरुजु

५३ **तलबी प्रतिवेदन पारित -** स्वास्थ्य सेवा ऐन, २०५३ मा तलवी प्रतिवेदन पारित गराएर मात्र तलब खर्च लेख्नु पर्ने उल्लेख छ|पालिकाले यो वर्ष तलवी प्रतिवेदन पारित नगराई सङ्घीय सरकारबाट हस्तान्तरित चालु अन्तर्गत स्वास्थ्य तर्फका कर्मचारीहरुको तलब भतामा रू. ७०,३१,७२३।७ तथा पालिका तर्फका कर्मचारीहरुको रु ७९,१७,९७६।८६ खर्च लेखेको छ । तलबी प्रतिवेदन पारित नगरी खर्च लेख्न पाउने

भन्दा बढी ग्रेड भुक्तानी हुन सक्ने तथा लेखापरीक्षणको क्रममा भुक्तानीको तुलना गर्न नसकिने भएकोले तलबी प्रतिवेदन पारित गराएर तलब भत्ता भुक्तानी गर्नुपर्छ ।

सैद्धान्तिक बेरुजु

५४ **तालिम तथा गोष्ठी सञ्चालन -** अर्थमन्त्रालयद्धारा जारी कार्य संचालन निर्देशिका,२०७७ को बुँदा नं ७.१.१५ मा भएको मापदण्डको आधार लिई विभिन्न तालिम तथा गोष्ठी सञ्चालन गर्नुपर्ने व्यवस्था छ ।पालिकाले विभिन्न तालिम तथा गोष्ठी संचालनको लागि निर्देशिका समेत बनाएको छ ।अर्थमन्त्रालयबाट जारी निर्देशिका र पालिकाले तयार पारेको निर्देशिका बिच फरक फरक दर भएको अवस्थामा पालिकामा संचालन हुने विभिन्न किसिमका तालिम तथा गोष्ठी आदि कार्यक्रममा कार्यसंचालन निर्देशिकाभन्दा पनि पालिकाले बनाएको निर्देशिकाको आधारमा खर्च गरेको छ । यस्तो कार्यबाट पालिकामाथि थप व्ययभार परेको छ । उस्तै प्रकृतिको कार्यक्रमको लागि तयार पारिएको निर्देशिकामा एकरुपता कायम हुनुपर्छ ।

सैद्धान्तिक बेरुजु

५५ **सामाजिक सुरक्षा -** सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि,२०७७ को परिच्छेद ५ मा सामाजिक सुरक्षा भत्ता वितरण बैङ्कमार्फत गर्नुपर्ने व्यवस्था छ।कार्यविधिको दफा २६ मा कुनै आर्थिक वर्षमा सामाजिक सुरक्षा कार्यक्रमका लागि निकासा भएको रकम सो आर्थिक वर्षमा खर्च नभए सङ्घीय सञ्चित कोषमा फिर्ता गर्नुपर्ने व्यवस्था छ।यस पालिकाले निम्नानुसार १ वटा बैङ्कमार्फत सामाजिक सुरक्षा भत्ता वितरण गर्दै आएको देखिन्छ। लेखापरीक्षणको क्रममा सम्बन्धित बैङ्कहरुमा सामाजिक सुरक्षा भत्ता वितरणको सूचना लिँदा बैङ्कलाई निकासा भएको रकम बैङ्कमा बाँकी रहेको देखिएन ।यसमा देखिएका व्यहोरा निम्नानुसार छन्:

५५.१ **दोहोरो नागरिकता नम्बर -** .......... ***(प्रारम्भिक प्रतिवेदन उपर असूल भई पेश भएको आधारमा मिति*** **२०८०-११-२८** र **२०८०-१२-१०** ***को निर्णयबाट रु*** ४८,०००. ***/- सम्परीक्षण गरिएको ।***

५५.२ **एम.आई.एस. विवरण -** सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि-२०७७ को परिच्छेद ४ को बुँदा नं १४ मा प्रत्येक स्थानीय तहले प्रविष्ट गरेको अद्यावधिक एम आई एस लगतका आधारमा भत्ता रकम निकासा पाउने सम्बन्धमा व्यवस्था छ । पालिकाबाट प्राप्त एम.आई.एस.मूल अभिलेखको परिक्षण गर्दा लाभग्राहीहरुको विवरण पूर्ण रुपमा भरेको देखिएन । नमुना छनौट गरी परिक्षण गरिएकोमा केही लाभग्राहीको नागरिकता प्रमाण पत्र नं. दोहोरिएको वा सो भन्दा बढी रहेको, लाभग्राहीको बाबु, आमा, बाजेको नाम उल्लेख नगरेको समेत देखिएकोले मृत्यु भै सकेका सबै लाभग्राहीहरुको लगत कट्टा भए नभएको एकिन गर्न सकिएन । एम आई एस विवरण अद्यावधिक नहुँदा एकै नामथर भएको व्यक्तिलाई दोहोरो भत्ता जान सक्ने, मृत्यु भै सकेकालाई भत्ता भुक्तानी हुन सक्ने जोखिम रहेको हुँदा गाउँपालिकाले एम आई एस लगत अद्यावधिक गरेरमात्र भत्ता वितरण सम्बन्धी कार्य गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

५५.३ **सामाजिक सुरक्षा भत्ता वितरण -** यस पालिकाबाट सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राही तथा भत्ता वितरणको गत आ.व. तथा चालु आ.व.को अवस्था देहाय बमोजिम रहेको छ ।

| **क्र.सं.** | **लाभग्राही वर्ग** | **आ.व. २०७८।७९ को चारत्रैमासिकको औसत संख्या** | **आ.व. २०७९।८० को चारत्रैमासिकको औसत संख्या** | **भत्ता दर** |
|---|---|---|---|---|
| १ | जेष्ठनागरिक | ६०४ | ७८८ | ४००० |
| २ | अन्य जेष्ठनागरिक (दलित) | ७६ | ७५ | २६६० |
| ३ | जेष्ठनागरिक (एकम महिला) | १७२ | १३१ | २६६० |
| ४ | विधवा | १२७ | १३७ | २६६० |
| ५ | पूर्णअपाङ्गता (क वर्ग) | ४१ | ३९ | ३९९० |
| ६ | अति अशक्तअपाङ्गता (ख वर्ग) | ६३ | ८१ | २१२८ |
| ७ | बालबालिकादलित | ८२ | ७८ | ५३२ |
| **जम्मा संख्या** | | **११६५** | **१३२९** | |

सैद्धान्तिक बेरुजु

५६ **प्राविधिक बिल र कार्य सम्पन्न -** सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२३(१) मा खरिद सम्झौता अनुसार सार्वजनिक निकायले रनिङ बिल वा अन्य कुनै बिल बिजकको भुक्तानी गर्दा प्राविधिक नापजाँच गरी नापी कितावमा उल्लेख भएको वास्तविक कार्यसम्पादनको आधारमा भुक्तानी गर्नुपर्ने व्यवस्था रहेको छ । उपभोक्ता समितिहरुबाट सञ्चालित योजनाको ठेक्का बिलहरुमा लागत अनुमान र वास्तविक कामको मूल्याङ्कनमा बरावर परिमाण र रकम उल्लेख भएको देखिन्छ । लागत अनुमान बरावर नै मूल्याङ्कन भएको देखिएकाले वास्तविक काम कति भएको हो भन्ने सम्बन्धमा आश्वस्त हुन सक्ने अवस्था देखिएन । प्राविधिकले पेश गर्ने कार्य सम्पन्न प्रतिवेदनमा कार्य सम्पन्न गर्नुपर्ने मिति र कार्य सम्पन्न भएको मिति लगायतका इन्जिनियरिङ नर्म्स अनुसार बिलमा खुलाउनुपर्ने तथ्याङ्क उल्लेख गरेको पाइएन । यसले गर्दा कुन काम कहिले सम्पन्न गर्नुपर्ने र तोकिएको अवधिमा सम्पन्न भए/नभएको विषयमा यकिन हुन नसकिएको हुँदा प्राविधिकले इन्जिनियरिङ नर्म्स अनुसारको उपभोक्ता समितिको बिल बनाउँदा नापजाँचलाई वास्तविक कार्यसम्पादनमा आधारित बनाउनुपर्दछ ।

सैद्धान्तिक बेरुजु

५७ **सोझै खरिद** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८४(१) अनुसार सार्वजनिक निकायले स्वीकृत कार्यक्रम र खरिद योजना अनुसार बीस लाख रुपौंया सम्म लागत अनुमान भएको मालसामान निर्णय कार्य वा जुनसुकै सेवा सिलबन्दी दरभाउपत्र आह्वान गरी खरिद गर्न सक्ने तथा नियम ३१ मा बीस लाख रुपौंया भन्दा बढी लागत अनुमान भएको सोही बमोजिमको कार्य बोलपत्रको माध्यमबाट गर्नुपर्ने व्यवस्था छ । त्यस्तै सार्वजनिक खरिद ऐन २०६३ को दफा ८(२) मा यो ऐन र अन्तर्गत बनेका नियम बमोजिम खरिद गर्दा प्रतिस्पर्धा सीमित हुने गरी टुक्राटुक्रा पारी खरिद गर्न नहुने व्यवस्था छ । नमूना छनोटको आधारमा परीक्षण गरिएका देहाय बमोजिमका भौचरहरुबाट पालिकाले विभिन्न मसलन्द तथा कार्यालय सामानहरु खरिद गर्दा वार्षिक खरिद योजना नबनाई बिना प्रतिस्पर्धा खुला कोटेशनको माध्यमबाट पटक पटक सोझै खरिद गरेको पाइयो । यस्तो खरिद कार्य गर्दा नियममा भएको व्यवस्था अनुसार प्रतिस्पर्धात्मक विधि अवलम्बन गर्नुपर्दछ ।

| भौ.नं./मिति | विवरण | आपूर्तक | भुक्तानी रकम |
|---|---|---|---|
| ११२।०७९।९।९ | विभिन्न मसलन्द तथा कार्यालय सामाग्री | नमूना प्रिन्टर्स | २९८८८५ |
| १३४।०७९।९।२३ | विभिन्न मसलन्द तथा कार्यालय सामाग्री | एकै सप्लायर्स | ३३५२१४ |
| २७०।०७९।१२।२४ | विभिन्न मसलन्द तथा कार्यालय सामाग्री | प्रसिद्ध पाथीभरा ट्रेड एण्ड सप्लायर्स | ५७३४७५ |
| २५८।०७९।१२।२४ | विभिन्न मसलन्द तथा कार्यालय सामाग्री | एकै सप्लायर्स | १८८१४५ |
| २९७।०८०।३।१८ | विभिन्न मसलन्द तथा कार्यालय सामाग्री | प्रसिद्ध पाथीभरा ट्रेड एण्ड सप्लायर्स | ३३८८१९ |
| ४३९।०८०।३।२१ | विभिन्न मसलन्द तथा कार्यालय सामाग्री | लुम्बिनी ट्रेड एण्ड सप्लायर्स | ४७८०१२ |
| ४६३।०८०।३।२३ | विभिन्न मसलन्द तथा कार्यालय सामाग्री | जनसेवा अफसेट प्रेस | ९९२१९६ |
| ३९०।०८०।३।१७ | विभिन्न मसलन्द तथा कार्यालय सामाग्री | स्केलर मल्टी पर्पोज प्रा.लि. | ९१५३०० |
| | | जम्मा | ४१२००४६ |

सैद्धान्तिक बेरुजु

५८ **वार्षिक खरिद योजना/गुरुयोजना** - सार्वजनिक खरिद ऐन, २०६३ ले सार्वजनिक निकायले तोकेको सीमाभन्दा बढी रकमको खरिद गर्दा तोकिए बमोजिमको खरिद गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्ने व्यवस्था छ । यस्तै सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७ ले वार्षिक १० करोडभन्दा बढीको खरिद गर्दा गुरुयोजना तयार गर्नुपर्ने नियम ८ ले वार्षिक १० लाखभन्दा बढीको खरिद गर्दा वार्षिक खारिद योजना बनाउनुपर्ने व्यवस्था छ । यस पालिकाले विभिन्न शीर्षक अन्तर्गत वार्षिक रू.१३ करोड २६ लाख ९४ हजार पूँजीगत खर्च/खरिद निर्माण कार्य गरेको छ । तर पालिकाले आफ्नो खरिद

नियमावली नबनाएको अवस्थामा उक्त ऐन, नियम बमोजिम वार्षिक खरिद योजना र गुरुयोजना नबनाई खरिद कार्य गरेको देखियो । अतः पालिकाले उक्त नियमावली बमोजिम खरिद योजना/गुरुयोजना बनाई व्यवस्थित र प्रभावकारी हुने गरी खरिद कार्य गर्नुपर्दछ ।

| सैद्धान्तिक बेरुजु |
|---|

५९ **ठेक्का अभिलेख -** सार्वजनिक निर्माण कार्य गर्ने हरेक निकायले ठेक्का अभिलेख म.ले.प.फा.न.५०७ को ढाँचामा अद्यावधिक गरी राख्नुपर्ने व्यवस्था छ। निर्माण कार्यको विस्तृत अभिलेखांकनको लागि प्रयोग गरिने ठेक्का सम्बन्धी अभिलेखले कूल गर्नुपर्ने कार्य, हाल सम्म भएको कामको परिमाण, मूल्य, कार्य सम्पादन जमानत, पेश्की ग्यारेन्टीको अवस्था, काम सम्पन्न गर्नुपर्ने मिति, भेरिएशन लगायतको जानकारी उपलब्ध हुन्छ। तर यस कार्यालयले उक्त विवरण देखिने गरी अभिलेख राखेको देखिएन। अतः स्वीकृत ढाचा अनुसार सवै विवरण खुल्ने गरी ठेक्का अभिलेख अद्यावधिक गरी राख्नुपर्दछ।

| सैद्धान्तिक बेरुजु |
|---|

६० **रितपूर्बकको कर बिजक -** मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा १४ बमोजिम मूल्य अभिवृद्धि करमा दर्ता भएका फर्मसँग तोकीएको ढाँचाको कर वीजक लिई खरिद गर्नुपर्ने व्यवस्था छ । रित पूर्कको कर वीजक बेगर देहायका सप्लायर्स तथा निर्माण व्यसायीबाट मु.अ.कर रू.१,५६,११९।३४ समेत रू.१२,००,९१८।०० सामान तथा निर्माण सेवा खरिद गरेको छ । तसर्थ उक्त सप्लायर्स तथा निर्माण व्यवसासयिले रितपूर्वकको कर बिजक वेगर भुक्तानी लिएको मू.अ.कर समायोजन गरेको प्रमाण पेश गर्नुपर्ने रू.

| गोभौनं./मिति | भुक्तानी पाउनेको नाम | प्यान नं. | कर विजकको अवस्था | भुक्तानी रकम | मुअकर कर रकम |
|---|---|---|---|---|---|
| १९४।२०८०।३।२० | यूनाईटेड ट्रेड एण्ड सप्लार्यस | ६०४९४७५७६ | फोटोकपी विजक पेश | ९६११७८ | १२४९५३.१४ |
| ९६।२०७९।१२।२३ | कञ्चनजंघा न्यूज नेटवर्क प्रा.लि | ६०९७४४९३९ | फोटोकपी विजक पेश | १२४८६५ | १६२३२.४५ |
| ५९।२०७९।११।२९ | कप मिडिया प्रा.लि | ६१००३२९७४ | फोटोकपी विजक पेश | ११४८७५ | १४९३३.७५ |
| | जम्मा | | | १२००९१८ | १५६११९.३४ |

| प्रमाण पेश नगरेको | १,५६,११९.३४ |
|---|---|

६१ **जिन्सी दाखिला -** (९-२०७९-५-२०): ✂ ........... *(प्रारम्भिक प्रतिवेदन उपर प्रमाण पेश भएको आधारमा मिति* २०८०-११-२८ *को निर्णयबाट रू.* १,३९७,८०० *।- सम्परीक्षण गरिएको ।)*

६२ **बिल भरपाई वेगर भुक्तानी -** आर्थिक कार्यबिधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को नियम ३९(५) बमोजिम खर्च लेख्दा खर्चको बिल भरपाई सहित लेखा राख्नुपर्ने व्यवस्था छ । पालिकाले देहाय बमोजिमको गो.भौ.नं. र मितिमा बिल भरपाई वेगर भुक्तानी दिएकाले सोको प्रमाण पेश गर्नुपर्ने अन्यथा सम्बन्धित व्यक्ति तथा फर्मबाट असुल गरी संचित कोषमा दाखिला गर्नुपर्ने रू.

***(प्रारम्भिक प्रतिवेदन उपर प्रमाण पेश भएको आधारमा मिति*** २०८०-१२-१० र २०८०-१२-२७ ***को निर्णयबाट रू.१७,५३,५१९. ।- सम्परीक्षण गरिएको ।***

| **गो.भौ.नं र मिति** | **विवरण** | **रकम** |
|---|---|---|
| १७८।२०८०।३।१७ | पालिकाले शिवकोटी सप्लार्यसबाट रू.९९२१४०।०० को सामुदायिक विद्यालय तथा कार्यालयका लागि १० थान कम्प्यूटर तथा ८ थान प्रिन्टर खरिद गरेकोमा लेखापरीक्षणको अवधि सम्म सम्बन्धितलाई हस्तान्तरण गरेको नदेखिएकाले हस्तान्तरण गरेको भरपाई पेश वेगर भुक्तानी भएकाले प्रमाण पेश गर्नुपर्ने रू. | ९९२१४० |
| १७२।२०८०।३।१६ | पालिकाले डिसि सेल्स मेन्टीनेसबाट रू.५९३९४६।०० को सामुदायिक विद्यालयका लागि विद्युतीय हाजिरी खरीद तथा जडान वापत ३८ थान विद्युतीय हाजिर खरिद गरेकोमा लेखापरीक्षणको अवधि सम्म सम्बन्धितलाई हस्तान्तरण गरी संचालन भएको नदेखिएकाले सोको कार्य सम्पन्न गरेको प्रमाण वेगर भुक्तानी भएकाले प्रमाण पेश गर्नुपर्ने रू. | ५९३९४६ |
| **जम्मा** | | **१५८६०८६** |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | १५,८६,०८६ |

६३ **नर्म्स फरक पारी भुक्तानी -** ✂ ........... *(प्रारम्भिक प्रतिवेदन उपर नियमित भई पेश भएको आधारमा मिति* २०८०-११-११ *को निर्णयबाट रू.*७९७,८९१.६ *।- सम्परीक्षण गरिएको ।)*

६४ **अनुत्पादक खर्च -** पूँजी सृजना नहुने खालका वितरणमूखी खर्चलाई निरुत्साहित गर्दै स्थानीय तहले अधिकतम प्रतिफल दिने र पूँजीको निर्माण हुने एवम् उपयोगिता सिर्जना हुने गरी योजना छनौट तथा कार्यान्वयन गर्नुपर्ने कार्यक्रम छनौट गरी पूँजीगत शीर्षकमा समावेश गरी सिमित स्रोतको उच्चतम प्रयोग

गर्नुपर्दछ। पालिकाले वडा भित्र विभिन्न स्थानमा खेलमैदान निर्माण तथा स्तरउन्नती वापत देहायको रकम खर्च गरेको छ । यस्तो खर्चमा मितव्यीता कायम गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

***(विस्तृत विवरण बेरुजु दफा ६४ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)***

६५ **ठेक्का व्यवस्था -** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ९ मा खुला रुपमा वोलपत्र आह्वान गरी खरिद गर्ने सम्वन्धी व्यवस्था छ । पालिकाले वोलपत्र मार्फत प्रतिशपर्धि आपूर्तिकर्ता छनौट गरी वार्षिक कार्यक्रम अनुसारका सडक निर्माणका योजना कार्यान्वयन गर्दै आएको छ । यस्ता योजना लागत अनुमान भन्दा २१.१३ देखि ४५.७० प्रतिशत सम्म घटीमा गर्ने गरी कबोल भए अनुसार कार्यान्वयन गराएको पाइयो । पालिकाको स्वीकृत नर्मशका आधारमा तयार भएको लागत अनुमान भन्दा धेरै घटीमा सोही गुणस्तरको कार्य गर्न कबोल गरी अधिकांश योजना निर्माण सम्पन्न गरी भुक्तानी फरफारक गरेको पाइयो । यस्ता योजनाको भुक्तानी गर्दा निर्माण सामाग्री र निर्माण कार्यको गुणस्तर परीक्षण गरेको भएपनि न्यून लागतमा सोही गुणस्तरको कार्य भएको सम्वन्धमा नर्म्समा नै अधिक मूल्याङ्कन भएको हो वा गुणस्तरमा सम्झौता गरी भुक्तानी फरफारक भएको हो सो सम्वन्धमा पालिकाको ध्यानाकर्षण हुनुपर्ने देखिन्छ । साथै निर्धारित गुणस्तरमा कार्य भएको प्रमाणित गरी भुक्तानी गरेका कार्य निर्धारित अवधि सम्म टिकाउ भए नभएको यकिन गर्न प्रणाली सुदृढ गरी न्यून मुल्यमानै गुणस्तरीय कार्य हुने भएमा नर्म्स समेत सम्वन्धित निकायले पुनरावलोकन गर्नुपर्ने देखिन्छ । यस्ता केही योजनाको विवरण देहायमा उल्लेख छ । लागत अनुमानको तुलनामा उल्लेख्य प्रतिशत घटीमा गर्ने गरी कबोल तथा सम्झौता भएका केही योजनाको विवरण देहायमा उल्लेख छ ।

| क्र.सं. | योजनाको विवरण | ठेक्का नं. | बोलपत्रदाता | लागत अनुमान | सम्झौता रकम | घटी प्रतिशत |
|---|---|---|---|---|---|---|
| १ | गाईथुना देखी कालिका आधारभूत विद्यालय हुदै देउराली जोड्ने सडक निर्माण | ATRM/NCB/RD - ०१/२०७९-०८० | हाङ्गकन्स्ट्रक्सन एण्ड सप्लार्यस | १४५०६७३७.१२ | ७५०४५८७.५५ | ४५.७० |
| २ | प्रशासकीय भवन निर्माण | ATRM/NCB/BD - ०१/२०७८-०७९ | शुभकामना आले जेभी | १०२१४८६५३.०० | ६५३३१७२४.७२ | ३६.५२ |
| ३ | लिम्बुनी पुल देखी पर्यटकीय क्षेत्र धोद्रे जोड्ने सडक निर्माण | ATRM/NCB/RD - ०२/२०७९-०८० | पोखरा कन्स्ट्रक्सन प्रालि | ४८०८७५४२.०० | ३३४५८७८३.०० | २१.१३ |

सैद्धान्तिक बेरुजु

६६ **लागत सहभागिता** - पालिकाले आयोजना/कार्यक्रम छनौट गर्दा उपभोक्ता समितिको तर्फबाट नगद लागत सहभागिता जुट्ने आयोजनालाई प्राथमिकता दिनुपर्ने, नगद सहभागिता तोकिएको अवस्थामा सहभागिता वापतको रकम सम्बन्धित स्थानीय तहको खातामा दाखिला गरी सो को भौचर प्राप्त भएपछि मात्र उपभोक्ता समितिसँग योजना सम्झौता गर्नुपर्ने गर्नुपर्दछ । तर पालिकाले लागत सहभागिता सहितका लागत अनुमान तयार गरेको देखिएन् । अतः नगद लागत सहभागिता जुट्ने आयोजनालाई प्राथमिकता दिनुपर्दछ ।

सैद्धान्तिक बेरुजु

६७ **बोयर क्रस बोका** - (३६१-२०८०-३-१३):भौ.नं. ३६१।०८०।३।१३ पालिकाले यस वर्षको वडा नं. ५ को स्वीकृत कार्यक्रम अनुसार उन्नत जातको विभिन्न तौलका ५ वटा बोयर क्रस बोका खरिद गरी ५ जना कृषकलाई वितरण गरेको भरपाई समेत संलग्न गरी पाथीभरा कृषि तथा पशुपालन फर्मलाई ढुवानी रू. १५,०००।०० समेत रू. १,६२,०००।०० भुक्तानी गरेको छ । आपूर्तक फर्मले विलमा ८७ प्रतिशत बोयर क्रस भनी उल्लेख गरेको भएतापनि ८७ प्रतिशत बोयर क्रस भए नभएको सम्बन्धमा पशु चिकित्सकबाट प्रमाणित गरेको देखिएन । तोकिए बमोजिमको गुणस्तर र जातको भए नभएको सम्बन्धमा चिकित्सकबाट प्रमाणित गराएर मात्र खरिद तथा वितरण गर्ने तर्फ पालिकाले ध्यान दिनुपर्ने देखिन्छ ।

सैद्धान्तिक बेरुजु

६८ **ननफाईलर** - ✂ ..........*(प्रारम्भिक प्रतिवेदन उपर प्रमाण पेश भएको आधारमा मिति* **२०८०-११-२८** *को निर्णयबाट रू.* ३,७९,२२८ */- सम्परीक्षण गरिएको ।)*

६९ **मुल्य समायोजन** - ✂ ..........*(प्रारम्भिक प्रतिवेदन असूल भई पेश भएको आधारमा मिति* **२०८०-११-२८** *को निर्णयबाट रू.* **१८१,३९३.१६** *सम्परीक्षण गरिएको ।)*

७० **गुणस्तर परीक्षण** - सार्वजनिक खरिद नियमावली,२०६४ को नियम १११ को उपनियम १ को (ङ) मा सम्झौता प्रशासन अनुसार खरिद सम्झौता कार्यान्वयनको प्रगति अनुगमन गर्ने र गुणस्तर पक्षको निरीक्षण र परीक्षण गर्नुपर्ने व्यहोरा उल्लेख छ । पालिकाले निर्माण गरेका पुल तथा सडक संरचनाको गुणस्तर परीक्षण गर्न बि ओ क्यू आईटममा गुणस्तर परीक्षण सम्बन्धी व्यवस्था गरेको छैन । तरपनि गुणस्तर परीक्षण गराएको परीक्षण प्रतिवेदन भुक्तानी सम्बनधी फाँटवारीमा संलग्न गरेको छ ।व्यवसायीले सम्झौता अनुसार गुणस्तर योजना (Quality Assurance Plan) पेश गर्नुपर्नेमा पेश गरेको छैन । कार्यालयले गुणस्तर परीक्षणको लागि बि ओ क्यू आइटममा नराखेको र निर्माण व्यवसायीले आफु खुसी गुणस्तर परीक्षण गरी प्रतिवेदन पेश गरेको छ । यसबाट संरचना निर्माणको क्रममा गुणस्तर परीक्षण मापदण्ड अनुरुप भए नभएको बारे एकिन गर्न सकिने अवस्था छैन । केही उदाहरणहरु निम्नानुसार छन ।

| सैद्धान्तिक बेरुजु |
|---|

*(विस्तृत विवरण बेरुजु दफा ७० सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)*

७१ **लागत सहभागिता -** पालिकाले आयोजना/कार्यक्रम छनौट गर्दा उपभोक्ता समितिको तर्फबाट नगद लागत सहभागिता जुट्ने आयोजनालाई प्राथमिकता दिनुपर्ने, नगद सहभागिता तोकिएको अवस्थामा सहभागिता वापतको रकम सम्बन्धित स्थानीय तहको खातामा दाखिला गरी सो को भौचर प्राप्त भएपछि मात्र उपभोक्ता समितिसँग योजना सम्झौता गर्नुपर्ने गर्नुपर्दछ । तर पालिकाले लागत सहभागिता सहितका लागत अनुमान तयार गरेको देखिएन् । अतः नगद लागत सहभागिता जुट्ने आयोजनालाई प्राथमिकता दिनुपर्दछ ।

| सैद्धान्तिक बेरुजु |
|---|

७२ **प्रोभिजनल सम -** सार्वजनिक खरिद नियमावली,२०६४ को नियम १२३(२) मा रनिङ बिल वा अन्य कुनै बिल बीजकको भुक्तानी लिनको लागि आपूर्तिकर्ता, निर्माण व्यवसायीले खरिद सम्झौता बमोजिम आवश्यक पर्ने कागजात तथा बिल भर्पाइ पेस गर्नुपर्ने उल्लेख छ। पालिकाले भुक्तानी गरेको प्रोभिजनल सम को विमा लगायत विभिन्न आईटम वापतको रकम निर्माण व्यवसायिलाई रनिङ बिल तथा अन्तिम बिल भुक्तानी गर्दा प्रोभिजनल समबाट बिल बीजकबेगर भुक्तानी दिएकोले बिल विजक तथा प्रमाण पेश गर्नुपर्ने अन्यथा उक्त रकम असुल गर्नुपरर्ने रू.

| गोभौनं मिति | निर्माण व्यवसायी | कार्य विवरण | प्रोभिजनल सम रकम |
|---|---|---|---|
| १९१।२०८०।३।२० | जगदम्बा निर्माण सेवा | चोकपुर स्वास्थ्य चौकी भवन निर्माण | ११४७५० |
| **जम्मा** | | | **११४७५०** |

| प्रमाण पेश नगरेको | १,१४,७५० |
|---|---|

७३ **कार्य सम्पादन जमानतको म्याद घटी भएको -** सार्वजनिक खरिद नियमावली २०६४ को नियम ११० (४) अनुसार कार्यसम्पादन जमानतको मान्य अवधि त्यस्तो सम्झौतामा उल्लिखित मालसामान आपूर्ति वा हस्तान्तरण गर्नु पर्ने अन्तिम अवधि वा प्रत्याभूति (वारेण्टी) को अवधि वा निर्माण कार्यको त्रुटि सच्चाउने दायित्व (डिफेक्ट लायबिलिटिज) को अवधिभन्दा कम्तीमा एक महिना बढी अवधिको हुनु पर्दछ । देहायका निर्माण व्यवसायीहरुले तोकिएको समय भन्दा कम अवधिको कार्यसम्पादन जमानत राखी निर्माण कार्य गरेको छ । तसर्थ कार्यसम्पादन जमानतको म्याद थप भएको प्रमाण पेश गर्नुपर्ने रू.

*(प्रारम्भिक प्रतिवेदन उपर प्रमाण पेश भएको आधारमा मिति २०८०-११-२८ को निर्णयबाट रू. २,९७३,००० ।- सम्परीक्षण गरिएको ।*

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ३,४१,००० |

*(विस्तृत विवरण बेरुजु दफा ७३ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)*

७४ **म्याद थप -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२० मा खरिद संझौता बमोजिमको काम संझौताको अवधिभित्र पूरा गर्न नसकेमा निर्माण व्यवसायीले सम्बन्धित सार्वजनिक निकायमा निवेदन दिनुपर्ने र कार्यालयले सो निवेदन उपर आवश्यक जाँचबुझ गरी गराई कारण उचित लागेमा म्याद थप गर्न सक्ने प्रावधान छ । म्याद थप गर्नुअघि सम्बन्धित निर्माण व्यवसायीले समयमा नै काम सम्पन्न गर्न भर मग्दुर प्रयास गरे नगरेको, काबुबाहिरको परिस्थिति भए नभएको, कार्यालयले उपलब्ध गराउनु पर्ने कुराहरु उपलब्ध गराए नगराएको जस्ता कुराहरुको विश्लेषण गरेर मात्र खरिद संझौताको म्याद थप गर्नुपर्ने कुरा पनि सोही नियममा उल्लेख छ । कार्यालयले म्याद थप गर्नु अगाडि यी कुराहरुको बारेमा विश्लेषण गरी एक पटक म्याद थप गरेपछि पटक पटक एउटै कारण देखाई म्याद थप गर्ने गरेको देखियो । निर्माण व्यवसायीले म्याद थपको निवेदन दिँदा थपिएको समयमा काम सम्पन्न गर्न सक्ने उल्लेख गरेको अवस्थामा पनि पुनः सोही व्यहोरा दोहोरिने गरेको छ । तर निर्माण व्यवसायीले काममा कुनै प्रगति नगरेको अवस्थामा पनि नियम १२१ अनुसार पूर्व निर्धारित क्षतिपूर्ति नलिई म्याद थप गर्नाले निर्माण व्यवसायीले काम सम्पन्न गर्न चासो दिने गरेको देखिएन । तसर्थ कार्यालयले संझौता अनुसारको काम समयमा नै सम्पन्न गर्न निर्माण व्यवसायीलाई जिम्मेवार बनाउनु पर्ने देखिन्छ । कार्यालयले उपलब्ध गराएको विवरण अनुसार म्याद थप सम्वन्धी विवरण निम्नानुसार छ ।पालिकाले उपलव्ध गराएको विवरण अनुसार हाल चालु रहेका तिन वटा ठेक्का सम्झौतामध्ये ठेक्काको शुरु अवधिको २३ महिनासम्म म्याद थप भएका तिन ठेक्का रहेका छन । एउटै कारण जनाई पटक पटक गरी निर्माण कार्यको शुरु सम्झौता अवधिभन्दा बढी अवधिको म्याद थप गरिएपनि कार्य सम्पन्न हुन सकेको छैन । सम्झौतामा व्यवस्था भए अनुसार कार्यतालिका बमोजिम काम सम्पन्न गराउनु पर्दछ ।

| |
|---|
| सैद्धान्तिक बेरुजु |

*(विस्तृत विवरण बेरुजु दफा ७४ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)*

७५ **वीमा -** सार्वजनिक खरिद नियमावली २०६४ को नियम ११२ मा १० लाख भन्दा बढी मूल्यको निर्माण कार्य गर्ने निर्माण व्यवसायीले निर्माण सामाग्री प्रयोग गरिने मेसिन औजार वा प्लान्ट लगायत निर्माण कार्यको पूर्ण प्रतिस्थापन खर्च लगायत उपनियम २ मा लेखिएदेखि वाहेक सम्पूण जोखिम वहन गर्ने गरी वीमा गराउनु पर्ने तथा वीमा गराएर मात्र निर्माण कार्य गराउनु पर्ने व्यवस्था छ । आयोजनाले तपशिल वमोजिमका ठेक्काहरुमा वीमा नै नगराइ निर्माण कार्य गराएको तथा पेश्की रकम उपलब्ध गराएको एवं तोकिएको समयमा नै निर्माण कार्य सम्पन्न गर्न नसेकेको कारण उक्त लगानी जोखिममा परेको देखिन्छ ।

यसरी वीमा नगराइ नियमावलीले गरेको व्यवस्था विपरीत खरिद सम्झौता गर्ने पदाधिकारीलाइ जिम्मेवार वनाइ वीमा गरेर मात्र निर्माण कार्य गर्ने तर्फ आयोजनाले ध्यान दिनुपर्दछ ।

| **ठेक्का नं** | **निर्माण व्यवसायी** | **सम्झौता रकम** | **विओक्यू मा वीमा रकम** | **कैफियत** |
|---|---|---|---|---|
| ATRM/NCB/१३/०७७/७८ | सोवर्ण हिमालयन जे भी | ३६७०७२११ | २००००० | वीमा नगरेको |
| ATRM/NCB/०१/०७९/८० | हाङ्ग कन्स्ट्रक्सन एण्ड सप्लार्यस | ७५०४५८७ | २५००० | वीमा नगरेको |

सैद्धान्तिक बेरुजु

७६ **पूर्व निर्धारित क्षतिपुर्ति -** सार्वजनिक खरिद नियामवली २०६४ को नियम १२१ मा पुर्वनिर्धारित क्षतिपुर्तिवारे उल्लेख छ । सो नियमको खण्ड(क) मा निर्माण व्यवसायीको ढिलाईको कारणले खरिद संझौता बमोजिमको काम सझौतामा तोकिएको म्यादमा सम्पन्न हुन नसकेमा निजले सार्वजनिक निकायलाई संझौता रकमको दश प्रतिशतमा नबढने गरी साधारण तथा प्रतिदिन संझौता रकमको ०.०५ प्रतिशतले पूर्वनिर्धारित क्षतिपूर्ति दिनुपर्ने उल्लेख छ । ठेक्का नं ATRM/NCb.RD-01/2079/080 गाईथुना देखी कालिका आवि हुदै देउराली जोड्ने सडक निर्माण कार्यको निर्माण व्यवसायी हाङ्ग कन्स्ट्रक्सन एण्ड सप्लार्यससँग २०८०।३।१० मा कार्यसम्पन्न गर्ने गरी २०७९।७।३० मा रू. ७५,०४,५८७।५५को सम्झौता भएको देखिन्छ । आ.व.मा प्रथम रनिङ विल वापत रू. २५,५७,८७६।०० (संझौता रकमको ३५.०० प्रतिशत) भुक्तानी लिएको र सो पछि कार्य छोडि सम्पर्कमा नरहेकाले काम अधुरो रहन गएको कार्यालयको भनाई रहेको छ । यसरी निर्माण व्यवसायीले काम अधुरो छाडी हाल लेखापरीक्षण भएको अवधि सम्म पनि सम्पर्कमा नआएकोले पालिकाले निर्माण व्यवसायीसँग सम्पर्क गरी हालसम्मको पुर्वनिर्धारित क्षतिपुर्ति लगाई कार्य सम्पन्न गराउनुपर्ने देखिन्छ । यदि निर्माण व्यवसायीले उक्त कार्यसम्पन्न नगरेमा उक्त आयोजना सम्पन्न गर्न लाग्ने थप लागत समेत काम छाड्ने निर्माण व्यावसायीसँग भराउने गरी नियम अनुसार ठेक्का फरफारक गर्नुपर्ने देखिन्छ ।

सैद्धान्तिक बेरुजु

७७ **अधुरा आयोजना -** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३६ अनुसार योजनाहरुको भौतिक र वित्तीय पक्षको सामुहिक समीक्षा गर्नुपर्ने र यसरी गरिने समीक्षामा प्रगति कम हुनुका प्रमुख कारणहरु र सोको निमित्त जिम्मेवार व्यक्तिको पहिचान गर्नुपर्ने, त्यस्तो समीक्षामा सुधारका लागि चाल्नु पर्ने कदमहरु र जिम्मेवार व्यक्ति उपर गर्नुपर्ने कारबाही समेत उल्लेख गर्नुपर्ने व्यवस्था छ । यस स्थानीय तहले यो वर्ष देहायअनुसार रू.४७,६९,३६१।६२ का ३ योजनाको कार्य सम्पन्न हुन नसकी जिम्मेवारी सारेको छ । यस प्रकारको दायित्व विगत वर्षहरुको समेत सार्दै आएको छ । सम्पन्न

नगरी अधुरो रहेको कारण सोको उपयोग हुन सकेको छैन भने त्यस्ता योजना अलपत्र अवस्था समेत रहँका छन् । यस सम्बन्धमा पालिकाले जिम्मेवारीपूर्वक कार्यसम्पादन गर्नुपर्दछ ।

| ठेक्का नं | निर्माण व्यसायी वा उपभोक्ता समितिको नाम | सम्झौता रकम | सम्झौता मिति | पटक पटक म्याद थप | कैफियत |
|---|---|---|---|---|---|
| ATRM/SQ/RD/०१/७९/८० | M/s Aathrai Tribeni Nirman Sewa Pvt.Ltd., Phalgunanda-५, Panchthar | १४,२४,२०३.३१/- | २०७९.११.२३ | २०८०.०२.२५ | कार्यसम्पन्न नभएको |
| ATRM/SQ/RD/०२/७९/८० | M/s Sendang Nirman Sewa , Aathrai Tribeni-२, Taplejung | १४,२७,५१२.६१/- | २०७९.११.२३ | २०८०.०२.२५ | कार्यसम्पन्न नभएको |
| ATRM/SQ/PG/०३/७९/८१ | M/s National Nirman Sewa , Aathrai Tribeni-३, Taplejung | १९,१७,६४५.७०/- | २०७९.११.२३ | २०८०.०२.२५ | कार्यसम्पन्न नभएको |
| **जम्मा** | | ४७६९३६१।६२ | | | |

सैद्धान्तिक बेरुजु

७८ **आन्तरिक लेखापरीक्षणको बेरुजू -** कार्यालयले आन्तरिक लेखापरीक्षणबाट देखिएका बेरुजु अन्तिम लेखापरीक्षण हुनु भन्दा अगाडी नै नियमित गराउनु पर्नेमा नियमित गराई वा प्रमाण पेश गर्नुपर्नेमा प्रमाण पेश गरी वा असूल उपर गर्नुपर्नेमा असूल उपर गरी बेरुजु लगत कट्टा गरी फछ्र्यौट गरिसक्नुपर्ने व्यबस्था भएता पनि देहायबमोजिमका व्यहोराहरु फछ्र्यौट गरेको प्रमाण पेश नभएकोले बेरुजु कायम गरिएको छ।

७८.१ ........... ***(प्रारम्भिक प्रतिवेदन उपर असूल भएको आधारमा मिति २०८०-१२-१२ को निर्णयबाट रू. १६,९१५.७ /- सम्परीक्षण गरिएको ।)***

७८.२ ........... ***(प्रारम्भिक प्रतिवेदन उपर असूल भएको आधारमा मिति २०८०-११-७ को निर्णयबाट रू. १,९८८ /- सम्परीक्षण गरिएको ।)***

७८.३ ........... ***(प्रारम्भिक प्रतिवेदन उपर असूल भएको आधारमा मिति २०८०-११-७ को निर्णयबाट रू. ३,००० /- सम्परीक्षण गरिएको ।)***

**अनुसूची - १**

## आर्थिक कारोबारको स्थिति

**आर्थिक बर्षः २०७९/८०**

**कार्यालय र स्थान -** आठराई त्रिवेणी गाउँपालिका, ताप्लेजुङ , आठराई त्रिवेणी गाउँपालिका , ताप्लेजुङ

| पद | नाम | कार्यकाल सुरु मिति | कार्यकाल समाप्त मिति |
|---|---|---|---|
| कार्यालय प्रमुख | भक्त बहादुर भट्टराई | २०८०-१-३१ | हाल सम्म कार्यरत |
| लेखा प्रमुख | भेष राज निरौला | २०७९-१-१९ | हाल सम्म कार्यरत |

**बेरुजु वर्गीकरणः**

| असूल गर्नुपर्ने | अनियमित भएको | प्रमाणका कागजात पेश नभएको | जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा पेश्की |
|---|---|---|---|---|---|
| ९५६,१५०.५१ | १२,७५०,८४०.६ | १०,३१०,४९०.३४ | ० | ० | १०,२३७,१०९ |
| | | | | **प्रारम्भिक प्रतिवेदनबाट देखिएको बेरुजू रू.** | ३४,२५४,५९०.४५ |
| | | | | **प्रारम्भिक प्रतिवेदन उपर फछ्र्यौट गरी संपरीक्षण भएको रकम रू.** | १८,९२३,७६०.११ |
| | | | | **संपरीक्षणबाट थप भएको बेरुजू रू.** | ० |
| | | | | **लेखापरीक्षण प्रतिवेदनमा कायम बेरुजू रू.** | १५,३३०,८३०.३४ |

स्थानीय तह :

| गत बर्षको जिम्मेवारी | | | १४८५३४३०३.९ |
|---|---|---|---|
| आम्दानी | | खर्च | |
| संघीय सरकारबाट अनुदान | ३५५०८८५०० | चालु खर्च | २८५१४६५२७.७ |
| प्रदेश सरकारबाट अनुदान | १३७३६६२५ | पूँजीगत खर्च | १३२६९४७२० |
| राजश्व बाँडफाँट | ५६५२२८२०.४३ | वित्तीय/अन्य व्यवस्था | ७९४५८२७७.०३ |
| आन्तरिक आय | ४९८०२८२.०७ | | |
| अन्य आय | ८७८३९५७३.५४ | | |
| कुल आय | ५१८१६७८०१.०४ | कुल खर्च | ४९७२९९५२४.७३ |
| बाँकी मौज्दात | | | १६९४०२५८०.२१ |

**बेरुजु दफा २.१ सँग सम्बन्धित विवरण - अनुसूची -३**

| विवरण | टिप्पणी | यस वर्ष रू. | | | | गतवर्ष रू. | | |
|---|---|---|---|---|---|---|---|---|
| | | बजेट | आफैले गरेको प्राप्ति/भुक्तानी | वस्तुगत/सोझै भुक्तानी | जम्मा | आफैले गरेको प्राप्ति/भुक्तानी | वस्तुगत/सोझै भुक्तानी | जम्मा |
| प्राप्ती (क+ख) | | ५८३३६८०१३.८६ | ४३९७२३१८१.०९ | | ४३९७२३१८१.०९ | ५१४६६५६३२.७८ | | ५१४६६५६३२.७८ |
| क. प्राप्ति (संचितकोषमा | | ५६८२४१४११. | ४३३३५०४३६.०९ | ० | ४३३३५०४३६.०९ | ५०९९४६८९७.७८ | ० | ५०९९४६८९७.७८ |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| आम्दानी बाँधिने) | | | | | | | | |
| ११००० कर | ११ | ७१८३८९८०. | ६०५०७३०५.३२ | ० | ६०५०७३०५.३२ | ५३५६८५३०.२५ | ० | ५३५६८५३०.२५ |
| १३००० अनुदान | | ३८३८९५८१०. | ३६९१७८९३५. | ० | ३६९१७८९३५. | ३२८७१५४७०.८३ | ० | ३२८७१५४७०.८३ |
| संघीय सरकार | १२ | ३६४४४३०००. | ३५५०८८५००. | ० | ३५५०८८५००. | ३०९९१००००. | ० | ३०९९१००००. |
| प्रदेश सरकार | १२ | १९०९९०००. | १३७३६६२५. | ० | १३७३६६२५. | १८२७८०००. | ० | १८२७८०००. |
| जनसहभागिता | | ३५३८१०. | ३५३८१०. | ० | ३५३८१०. | ५२७४७०.८३ | ० | ५२७४७०.८३ |
| १४००० अन्य राजस्व | | १५२००००. | ३०२९४५२.९३ | ० | ३०२९४५२.९३ | १२७१६२०६४.५२ | ० | १२७१६२०६४.५२ |
| १५००० विविध प्राप्ति | | ५८००००. | ६३४७४२.८४ | ० | ६३४७४२.८४ | ५००८३२.१८ | ० | ५००८३२.१८ |
| ३२००० वित्तीय सम्पत्ति | | ११०४०६६२१. | ० | ० | ० | ० | ० | ० |
| ख. अन्य प्राप्ति | | १५१२६६०२.८६ | ६३७२७४५. | | ६३७२७४५. | ४७१८७३५. | | ४७१८७३५. |
| वितरण गर्न बाकी राजस्व | | ० | ० | ० | ० | ० | ० | ० |
| कोषहरु | | १५१२६६०२.८६ | ० | ० | ० | ० | ० | ० |
| धरौटी | | ० | ६३७२७४५. | ० | ६३७२७४५. | ४७१८७३५. | ० | ४७१८७३५. |
| संघीय प्रदेश सरकार वा अन्य कार्यक्रम | | ० | ० | ० | ० | ० | ० | ० |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| भुक्तानी (ग+घ) | | ५८३३६८०१३.८६ | ४२६६५४९०४.७३ | | ४२६६५४९०४.७३ | ३८६३२२२२३.५९ | | ३८६३२२२२३.५९ |
| ग. भुक्तानी (सञ्चित कोषबाट) | | ५६८२४१४११. | ४१७८४१२४७.६७ | | ४१७८४१२४७.६७ | ३७३६४६०५५.१४ | | ३७३६४६०५५.१४ |
| २१००० पारिश्रमिक / सुविधा | १८ | १३३६०७०००. | १२२६२८९७७.१९ | ० | १२२६२८९७७.१९ | १२२७४५१८६.२७ | ० | १२२७४५१८६.२७ |
| २२००० मालसामान तथा सेवाको उपयोग | १८ | १६७३०७७९०. | ११७०२६३९४.३२ | ० | ११७०२६३९४.३२ | १००५२२३८७.६६ | ० | १००५२२३८७.६६ |
| २५००० सहायता (Subsidy) | १८ | ५००००० | ५००००० | ० | ५००००० | ० | ० | ० |
| २७००० सामाजिक सुरक्षा | १८ | १२०५००००. | १२०३८०३७. | ० | १२०३८०३७. | ८४०२१७९. | ० | ८४०२१७९. |
| २८००० अन्य खर्च | १८ | ३३२६११२१. | ३२९५३११९.१६ | ० | ३२९५३११९.१६ | २२३०९३०३. | ० | २२३०९३०३. |
| ३१००० गैर वित्तीय सम्पत्ती / पूँजीगत खर्च | १८ | २२१५१५५००. | १३२६९४७२०. | ० | १३२६९४७२०. | ११९६६६९९.२१ | ० | ११९६६६९९.२१ |
| घ. अन्य भूक्तानी | | १५१२६६०२.८६ | ८८१३६५७.०६ | | ८८१३६५७.०६ | ३८६३२२२२३.५९ | | ३८६३२२२२३.५९ |
| कोषहरु | | १५१२६६०२.८६ | ७५६४८९०. | ० | ७५६४८९०. | ७८२८६०७. | ० | ७८२८६०७. |
| धरौटी | | ० | १२४८७६७.०६ | ० | १२४८७६७.०६ | ४८४७५६१.४५ | ० | ४८४७५६१.४५ |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| संघीय प्रदेश सरकार वा अन्य कार्यक्रम | | ० | ० | ० | ० | ० | ० | ० |
| ङ. यो वर्षको बचत (न्युन) | | | १३०६८२७६.३६ | | १३०६८२७६.३६ | १२८३४३४०९.१९ | | १२८३४३४०९.१९ |
| च. गतवर्षको जिम्मेवारी रकम (अ.ल्या) | | | १५७०५४५७५.११ | | १५७०५४५७५.११ | १४८५९४५७.९२ | | १४८५९४५७.९२ |
| वर्षान्तको बाकी रकम (ङ + च) | | | १७०१२२८५१.४७ | | १७०१२२८५१.४७ | १४३२०२८६७.११ | | १४३२०२८६७.११ |
| | | | | | | | | |
| बैंक तथा नगद बाकी | २४ | | १६९४०२५८०.२१ | | १६९४०२५८०.२१ | ४३३५५८९७.११ | | ४३३५५८९७.११ |

## बेरुजु दफा ४६ सँग सम्बन्धित विवरण - अनुसूची -४

| सि.नं. | विद्यालयको नाम | जम्मा दरवन्दी | पदपुर्ती | पदपुर्ती मध्ये करार | विद्यार्थी संख्या |
|---|---|---|---|---|---|
| १ | जालपादेवी आधारभुत विद्यालय | ३ | ३ | ० | ४४ |
| २ | त्रिपुरेश्वर आधारभुत विद्यालय | ७ | ७ | १ | १४४ |
| ३ | चाँगे माध्यमिक विद्यालय | १५ | १५ | ७ | ४३४ |
| ४ | नेपाल राष्ट्रिय आधारभुत विद्यालय | ६ | ६ | २ | ८० |
| ५ | सरस्वती आधारभुत विद्यालय | ६ | ६ | ३ | १२४ |

| | | | | | |
|---|---|---|---|---|---|
| ६ | वुद्ध आधारभुत विद्यालय | ३ | ३ | ० | ५९ |
| ७ | छातेढुङ्गा माध्यमिक विद्यालय | ९ | ९ | ४ | १८४ |
| ८ | सिंहवाहिनी आधारभुत विद्यालय | ३ | ३ | १ | २७ |
| ९ | जनता आधारभुत विद्यालय | २ | २ | १ | १७ |
| १० | जलकन्या आधारभुत विद्यालय | ८ | ६ | १ | १४० |
| ११ | कालिका आधारभुत विद्यालय | ३ | ३ | १ | ३७ |
| १२ | सिरिजङ्गा आधारभुत विद्यालय | २ | २ | १ | ३१ |
| १३ | सरस्वती नमुना माध्यमिक विद्यालय | १८ | १५ | ५ | ५१० |
| १४ | किरातेश्वर आधारभुत विद्यालय | १ | १ | ० | ४ |
| १५ | शान्ती आधारभुत विद्यालय | ६ | ६ | ० | १३० |
| १६ | देवि आधारभुत विद्यालय | ७ | ६ | २ | ५४ |
| १७ | पञ्चकन्या आधारभुत विद्यालय | २ | २ | २ | ५० |
| १८ | दुर्गा माध्यमिक विद्यालय | १५ | १४ | २ | ३०१ |
| १९ | पिपलवोटे आधारभुत विद्यालय | २ | २ | ० | २३ |
| २० | गुसेश्वर माध्यमिक विद्यालय | १२ | १२ | ४ | १६२ |
| २१ | सिंहेश्वरी आधारभुत विद्यालय | ३ | ३ | १ | ४८ |
| २२ | आम्बोटे आधारभुत विद्यालय | ३ | ३ | २ | ४५ |
| २३ | सरस्वती माध्यमिक विद्यालय | १० | १० | ३ | १४७ |
| २४ | नमुना आधारभुत विद्यालय | ३ | ३ | २ | ३६ |

| | | | | | |
|---|---|---|---|---|---|
| २५ | जनकल्याण आधारभुत विद्यालय | ३ | ३ | १ | ४१ |
| २६ | फुगुवा आधारभुत विद्यालय | ६ | ६ | ३ | १४१ |
| २७ | परमसिंह देवी माध्यमिक विद्यालय | १३ | १२ | ७ | २३७ |
| २८ | जनता आधारभुत विद्यालय निघुरादिन | २ | २ | १ | २८ |
| २९ | सिंहदेवी आधारभुत विद्यालय | ५ | ५ | ३ | १०२ |
| ३० | भगवती आधारभुत विद्यालय | ३ | ३ | ३ | ७४ |
| ३१ | कोर्लङ्गे आधारभुत विद्यालय | २ | २ | २ | ४९ |
| ३२ | विस्मुरे आधारभुत विद्यालय | १ | १ | १ | १४ |
| ३३ | पोरक्मी आधारभुत विद्यालय | ० | ० | ० | ८ |
| जम्मा | | १८४ | १७६ | ६६ | ३५२५ |

**बेरुजु दफा ६३ सँग सम्बन्धित विवरण - अनुसूची -५**

*..........(प्रारम्भिक प्रतिवेदन उपर नियमित भई पेश भएको आधारमा मिति २०८०-११-११ को निर्णयबाट रू.७९७,८९१.६ /- सम्परीक्षण गरिएको ।)*

**बेरुजु दफा ६४ सँग सम्बन्धित विवरण - अनुसूची -६**

| गो.भौ.नं. र मिति | भुक्तानी पाउने संस्थाको नाम | प्रयोजन | रकम |
|---|---|---|---|
| १३९।२०८०।२।२१ | सिद्धिविनायक कन्स्ट्रक्सन | बाघद्धार खेलमैदान निर्माण तथा स्तरोन्नती | ९३६२३२ |

| | | | |
|---|---|---|---|
| १३६।२०८०।२।३१ | तिम्बुङ वरक निर्माण सेवा प्रा.लि | जनकल्याण मा.विको खेलमैदान निर्माण | ७२९९२३ |
| ५४।२०७९।११।१४ | दोभान भ्याली निर्माण सेवा | चाँगे मा.विको खेल मैदान निर्माण तथा स्तरन्नोती | ९४७४७० |
| १३०।२०८०।२।२६ | नेशनल निर्माण सेवा | हाङपाङ्ग खेलमैदान निर्माण तथा स्तरन्नोती | १८९७१४६ |
| | जम्मा | | ४५१०७७१ |

**बेरुजु दफा ७० सँग सम्बन्धित विवरण - अनुसूची -७**

| गो भौ.नं. ।मिति | निर्माण व्यवसायीको नाम | विवरण | सम्झौता रकम | यस वर्षको भुक्तानी रू. |
|---|---|---|---|---|
| विभिन्न | सोवर्ण हिमालयन जेभी | आठराई त्रिवेणी मार्ग निर्माण | ३६७०७२११.६३ | १२२६४१९५ |
| विभिन्न | पोखरा कन्स्ट्रक्सन प्रालि | लिम्बुनी पुल देखी पर्यटकीय क्षेत्र धोद्रे जोड्ने सडक निर्माण | ३३४५८७८३.०० | १४९९२०३१ |
| विभिन्न | शुभकामना आले जेभी | प्रशासकीय भवन निर्माण | ६५३३१७२४.७२ | १७५८६८६९ |
| विभिन्न | आर.के. पोमु जेभी | धोद्रे गा.पा. मिचिङ खानेपानी योजना | २१९८७४३४.६३ | ६०९१९०० |
| विभिन्न | सोवर्ण हिमालयन जेभी | १० शैया आधारभूत स्वास्थ्य केन्द्र भवन निर्माण | १०५७४९१०७.९७ | १६१५८३१२ |

**बेरुजु दफा ७३ सँग सम्बन्धित विवरण - अनुसूची -८**

*(प्रारम्भिक प्रतिवेदन उपर प्रमाण पेश भएको आधारमा मिति २०८०-११-२८ को निर्णयबाट रू.२,९७३,००० ।- सम्परीक्षण गरिएको ।*

| ठेक्का नं | निर्माण व्यवसायीको नाम | सम्झौता रकम | सम्झौता मिति | कार्य सम्पन्न गर्नु पर्ने मिति | कार्यसम्पादन जमानत को मिति | कार्यसम्पादन जमानत हुनु पर्ने मिति | कार्यसम्पादन जमानत रकम |
|---|---|---|---|---|---|---|---|
| ATRM/NCB/१०/०७८-०७९ | एसि कन्स्ट्रक्सन | ६८१३७४१।४८ | २०७९।१।१९ | २०८०।०३।३१ | २०८०।४।३० | २०८१।४।३० | ३४१००० |

| जम्मा | | | | | | | ३४१००० |
|---|---|---|---|---|---|---|---|

**बेरुजु दफा ७४ सँग सम्बन्धित विवरण - अनुसूची -९**

| ठेक्का नं | ठेक्काको<br><br>विवरण | सम्झौता मिति | सम्झौतारकम | सम्पन्नगर्नुपर्ने मिति | हाल सम्मको भुक्तानी | म्याद थप अबधि | सुरु अबधिको म्याद थप प्रतिशत |
|---|---|---|---|---|---|---|---|
| ATRM/RD/NCB/१०/०७७.०७८ | आठराई त्रिवेणी मार्ग पाङ्ग्राको झ्याल नाबु खोला सडक खण्ड निर्माण | २०७८।२।११ | ३६७०७२११।६३ | २०८०।३।१५ | २८४९९७५४।९३ | ३ महिना | १२ प्रतिशत |
| ATRM/NCB/१३/०७७.०७८ | १० शैया आधारभूत स्वास्थ्य केन्द्र भवन निर्माण | २०७८।१।१९ | १०५७४९१०७।९७ | २०८०।३।१५ | १६१५८३१२ | ६ महिना | २३ प्रतिशत |
| ATRM/RD/NCB/०१/०७९.०८० | गाईथुना देखी कालिका आ वि हुदै देउराली जोड्ने सडक निर्माण | २०७९।७।३० | ७५०४५८७।५५ | २०८०।३।१० | २५५७८७६ | भएको छैन | सम्पर्कमा आएको छैन भन्ने कार्यालयको भनाई |